यही जेठ १५ गतेको आन्दोलन शान्तिपूर्ण र संयमित हुनेछः राप्रपा | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २७ •अंक ८ • २०८२ साल जेठ १४ गते बुधवार (28 May, Wednesday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।–

## नेपालमा सात जना कोरोना संक्रमित

**टुडे समाचारदाता**

जनकपुरधाम। पछिल्लो समय भारत र चीनलगायत एसियाली मुलुकमा देखिन थालेको कोरोनाको नयाँ लहर नेपालमा पनि भेटिएको पाइएको छ। भारतमा पछिल्लो समय समुदायस्तरमा फैलिएको कोरोना भाइरसबाट नेपालमा पनि सातजना संक्रमित भएका छन् ।

तत्कालको परीक्षण अनुसार राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट एकजना र धुलिखेल अस्पतालमा ६ जनासहित ७ जनामा संक्रमण देखिएको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनाएको छ।

महाशाखाका निर्देशक चन्द्रबल झाका अनुसार कोरोना संक्रमण देखिएका सबैको विदेश भ्रमणको हिस्ट्री छैन। उनले जनाए अनुसार सबै संक्रमित डिस्चार्ज भएर घर गइसकेका छन् ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) र विभिन्न विज्ञहरूसँग छलफल गर्दा पहिलेको जस्तो डराउनुपर्ने स्थिति नरहेको उनले बताए। तर थोरै मात्रामा पनि बढ्ने अवस्थाको ख्याल गर्दै नियन्त्रणका लागि आवश्यक तयारी थालिएको उनले बताए।

सातवटै प्रदेशका स्वास्थ्य निर्देशनालयलाई तयारी अवस्थामा रहन भनिसकिएको उनले बताए। परीक्षण कीट खरिदको लागि मन्त्रालयसँग अनुरोध गरिसकेको झाले बताए।

### मधेशमा अख्तियारको सक्रियता

# पूर्वअध्यक्ष सहित १३ माथि मुद्दा, सिरहा नपामा अनुसन्धान

**टुडे समाचारदाता**

लहान । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मधेश प्रदेशमा आर्थिक अनियमितता एवं भ्रष्टाचार नियन्त्रण गर्न सक्रियता बढाएको छ।

सिरहा जिल्लाको सिरहा नगरपालिकामा भ्रष्टाचार प्रकरणमा अनुसन्धान थालेको अख्तियारले सोमवार महत्वपूर्ण कागजातहरु नियन्त्रणमाा लिएको छ।

अख्तियारको टोलीले सोमबार नगरपालिकाबाट राजस्व संकलन, पोखरी ठेक्का, लेखा परीक्षण प्रतिवेदनलगायतको कागजात लगेको थियो। मंगलबार पनि सो टोलीले छामा मारेर विभिन्न कागजातहरु नियन्त्रणमा लिएको बताइएको छ।

यस सम्बन्धमा सिरहा नगरपालिकाका मेयर नवीन यादवसित सम्पर्क हुन सकेन । तर उनले भिडियो सन्देश सामाजिक सञ्जालमार्फत जारी गर्दै पत्रकारहरुलाई सो सम्बन्धी समाचार नलेख्न धम्की दिएका छन् । मेयर यादवको सो भिडियो मंगलबार सार्वजनिक भएको छ।

अख्तियारको अनुसन्धान टोली लामै समय लगाएर कागजातहरु नियन्त्रणमा लिएको स्रोतहरुले जनाएका छन्। त्यसबाट अत्तालिएका मेयर यादवले सञ्चारकर्मीहरुलाई धम्काउँदै आक्रोश पोखेका छन्।





सिरहा नगरपालिकामा लामो समयदेखि आर्थिक अनियमितता भइरहेको उजुरीहरु अख्तियारलगायत विभिन्न निकायहरुमा परेको थियो । अख्तियारको बर्दिवास कार्यालयले सिरहा नगरपालिकामा कारबाही गरेको छ। अख्तियारको वार्षिक प्रतिवेदन अनुसार सर्वाधिक उजुरी मधेश प्रदेशको बर्दिवासस्थित कार्यालयमा पर्ने गरेको देखिन्छ।

यसैबीच अख्तियारले मंगलबार सिरहाको नवराजपुर गाउँपालिकाका पूर्वअध्यक्ष, उपाध्यक्ष, प्रमुख कार्यकारी अधिकृतसमेत १३ जनाविरुद्ध भ्रष्टाचारको मुद्दा दायर भएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गाउँपालिकाका पूर्वअध्यक्ष विश्व मोहन प्रसाद यादव, पूर्व उपाध्यक्ष शोभा कुमारी, तत्कालीन प्रशासकीय अधिकृत अमरेन्द्र कुसियैत लगायत १३ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको हो।

त्यसैगरि अख्तियारले इञ्जिनियर कृष्णा साह, सबइञ्जिनियर जयनारायण यादव, लेखापाल सोमप्रसाद आचार्य, वडा नम्बर ४ र ५ का तत्कालीन अध्यक्षहरू मदन यादव, मनोजकुमार यादव, तत्कालीन योजना शाखा प्रमुख रमेशकुमार निधि र जिन्सी प्रमुख संजयप्रसाद यादवमाथि पनि मुद्दा दायर गरेको छ।

३७ लाख ७५ हजार ४ सय ३६ रूपैयाँको लागत रहेको भवन उपभोक्ता समितिमार्फत १५ असार २०७७ मा निर्माण सम्पन्न गर्ने गरी ३२ जेठ २०७७ मा गरेको सम्झौतामा भ्रष्टाचार भएको अख्तियारको दाबी छ।

गलत प्राविधिक मूल्यांकनसहित उपभोक्ता समितिलाई ३४ लाख ३९ हजार १ सय ८९ रूपैयाँ भुक्तानी गरिएको पाइएको अख्तियारको आरोपपत्रमा उल्लेख छ । सो भवन अहिले उपयोगविहीन रहेको अख्तियारले जनाएको छ।

भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष रामचन्द्र यादव, सचिव दीपेन्द्रकुमार यादव र कोषाध्यक्ष कोशीला देवी यादव पनि भ्रष्टाचारमा मुछिएका छन्।

सो गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यमा डीपीआर तर्जुमादेखि भवन निर्माण कार्यको भुक्तानीसम्मको काममा प्रक्रिया र नियम मिचेको, गुणस्तरमा प्रश्न उठेको आरोपपत्रमा उल्लेख छ।

## सभासद श्रीमतीको खातामा रकम

**टुडे समाचारदाता**

जनकपुरधाम। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मधेश प्रदेशका सांसद सरोजकुमार सिंहको स्वकीय सचिव विनोद कुमार लाल कायस्थलाई नियन्त्रणमा लिएको पुष्टि गरेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग केन्द्रीय कार्यालय टंगालको टोलीले उनको मोबाइल समेत नियन्त्रणमा लिएको जनाएको छ।

अख्तियारको टोलीले सोमबार दिउँसो सिंहको महोत्तरी जिल्लाको मनरासिस्वा नगरपालिकाको सरपल्लो स्थित निवासमा छापामा मारेको थियो । सो क्रममा सिंहका स्वकीय सचिव कायस्थलाई नियन्त्रणमा लिएको र सभासदको मोबाइल समेत नियन्त्रणमा लिएको अख्तियारले मंगलबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

सिंह जनता समाजवादी पार्टी (जसपा) नेपालका सांसद हुन् । उनी महोत्तरी जिल्लाको निर्वाचन क्षेत्र नम्बर ४ को 'ख' बाट दोस्रो पटक निर्वाचित भएका हुन् । अख्तियारले सोमबार दिउँसो सांसद सिंहको घरमा छापा हानेको थियो। सो क्रममा उनले प्रयोग गरिरहेको विद्युतीय उपकरण र उनका स्वकीय सचिव कायस्थलाई नियन्त्रणमा लिएको जनाएको हो।


प्रदेश सरकारको बजेटबाट विभिन्न उपभोक्ता समिति गठन गरेको देखाइ समितिको खातामा भुक्तानी भएको रकम स्वकीय सचिव कायस्थ मार्फत झिकेर आफ्नो र पत्नीको खातामा जम्मा गर्न लगाएको अख्तियारले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

त्यही उजुरीको अनुसन्धानको सिलसिलामा स्वकीय सचिव र उपकरण नियन्त्रणमा लिएको अख्तियारले जनाएको छ।

सांसद सिंहले १२/१४ जनाको अख्तियारको टोलीले मोबाइल लिएर गएको स्वीकारेका छन्। आफूले साढे २ करोडको योजना मात्र चलाएको बताउँदै उनले भने, तर मेरो क्षेत्रमा ८० करोडको काम भएको छ।







# दूतावासद्वारा योग कार्यक्रम




**टुडे समाचारदाता**

वीरगञ्ज। भारतीय महावाणिज्य दूतावासले वीरगञ्जले योग कार्यक्रमको आयोजना गरेको छ। ११ औँ अन्तर्राष्ट्रिय योग दिवसको प्रचार प्रसारको लागि महावाणिज्य दूतावासले पर्साको पोखरियामा रहेको जिल्ला उच्चांगल रामदेव कलवार माध्यमिक विद्यालयको सहकार्यमा योग कार्यक्रमको आयोजना गरेको छ। मुख्य रुपम शारीरिक एवम मनोवैज्ञानिक स्वास्थ्यता र अध्यात्मिक विकासको लागी योग दिवसको आयोजना गरिएको दूतावासले जनाएको छ।

पोखरिया नगरपालिकाका मेयर प्रद्युम्न चौहानको प्रमुख आतिथ्यमा सम्पन्न भएको योग कार्यक्रममा स्थानिय जनप्रतिनिधि,महानगरपालिकाका कर्मचारी,विद्यालयमा छात्र-छात्रा, शिक्षक लगायत व्यापक जनसहभागीता रहेको थियो।

कार्यक्रममा बोल्दै भारतीय महावाणिज्य दूत देविसहाय मिनाले योगअभ्यासबाट हुने शारीरिक लाभको बारेमा जानकारी गराएका थिए।

उनले यस बर्ष मनाइने ११औँ अन्तर्राष्ट्रिय दिवसको मुख्य थिम एक पृथ्वी, एक स्वास्थ्य रहेको बताए।

सो कार्यक्रमा बोल्दै पोखरिया नगरपालिकाका मेयर प्रद्युम्न चौहानले मानव जिवनलाई मानसिक र शारिशिक रुपले स्वथ्य बनाउन योग र आयुर्वेदको ठुलो महत्व रहेको बताए। उनले योगको अभ्यास हरेका घरमा हुनुपर्ने कुरामा जोड दिए।

# वीरगञ्ज सहरको मुख्य नाला सफाई हुँदै



**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकामा रहेको मुख्य ड्रेन (ठूलो नाला) को झण्डै तीन दशकपछि सफाई गर्ने कामले तीव्रता पाएको छ।

सहरको बीच भागमा रहेको करिब तीन किलोमिटर ठूलो नाला निर्माण भए यता सफाई नभएका कारण हरेक वर्षायाममा पानी परेका बेला पानीको निकास थुनिएर वीरगञ्जको सहरी क्षेत्र डुबानमा पर्दै आएको छ।

त्यसैलाई मध्यनजर गरेर वीरगञ्ज महानगरपालिकाले पहिलो पटक ठूलो नालाको सफाइ गरिरहेको छ । जिल्ला हुलाक कार्यालय पर्सा अगाडिदेखि पानगल्ली,लाठगल्ली,आदर्शनगर हुँदै वीरगञ्ज भन्सारसम्मको करिब तीन किलोमिटर मुख्य ठूलो नालाको सफाइको काम विगत एक महिनादेखि चलिरहेको प्रमुख प्रशासकीय अधिकृत अरबिन्द लाल कर्णले जानकारी दिए।

निर्माण भएयता अहिलेसम्म एक पटक पनि सफाई नगरिएका कारण ठूलो नाला लेदो, फोहोर लगायतले पुरिएका कारण हरेक वर्षायाममा पानी परेका बेला निकास थुनिएर वीरगन्ज सहर डुबानमा पर्दै आएको प्रमुख प्रशासकीय अधिकृत कर्ण बताए।

वर्षामा वीरगञ्ज सहरलाई डुबानबाट जोगाउनकै लागि ठूलो नाला पहिलो पटक विशेष रूपमा सफा गर्न थालिएको उनले बताए। प्रमुख प्रशासकीय अधिकृत कर्णले नाला बनेदेखि यता एकपटक पनि सफाई नभएको वीरगञ्जवासी बताउँछन् । उनले भने, 'लेदोसहितको फोहोरले ८/९ फिटसम्म नाला पुरिएको रहेछ। पुरै नाला नै पुरिएपछि वर्षाको पानीले निकास नै नपाएर सहरी क्षेत्र डुबानमा पर्दै आएको छ।'

ठूलो नालाको सफाईमा विगत एक महिनादेखि चार वटा एक्साभेटर र ५/६ वटा ट्रैक्टरसँगै १० भन्दा बढी सफाईकर्मी खटाइएको वीरगञ्ज महानगरपालिकाको सरसफाई व्यवस्थापन शाखाका प्रमुख सरफुदिन मियाँले बताए । एक्साभेटर र ट्रैक्टर लगाएर बिहानदेखि मध्यरातसम्म ठूलो नालाको सफाईको काम चलिरहेको उनले बताए।

ठूलो नाला सफाईमा महानगरपालिकाले अपुग एक्साभेटर र ट्रैक्टर भाडामा ल्याएर प्रयोग गरिरहेको प्रमुख प्रशासकीय अधिकृत कर्णले बताए। ठूलो नालाको सफाइमा ५० लाख रुपैयाँभन्दा बढी रकम खर्च हुने अनुमान रहेको उनले बताए।

# मुख्यमन्त्री सिंह र सीएआईटी, भारतका पदाधिकारीहरुबीच छलफल



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतीश कुमार सिंह र भारतको सीमावर्ती सहर जयनगर सीएआईटी (द कक्फेड्रेसन अफ अल ईन्डिया ट्रेडर्स) का पदाधिकारीहरुबीच छलफल भएको छ।

जनकपुरधाममा मंगलबार सो संस्थाका पदाधिकारीहरुले मुख्यमन्त्री सिंहसंग दुबै देशबीच हुँदै आएको व्यापार व्यवसायिक समस्याहरुको बारेमा छलफल गरेका छन् । सो छलफलमा सीएआईटी, जयनगरका अध्यक्ष प्रीतम बेरुलियाले नेपाल सरकारले अन्तरदेशीय सामान किनबेचमा लिँदै आएको करको बारेमा छलफल गर्नुका साथै करको दायरा कम गर्न सुझाव दिए । उनले भन्सारमा तिर्नु पर्ने कर धेरै भएका कारण चोरी पैठारी बढेको गुनासो गरे । उनले भारत जस्तै नेपालमा पनि जीएसटी लागु गर्न नेपाल सरकारलाई सुझाव दिन मुख्यमन्त्रीमार्फत आग्रह गरे। उनले नेपाल भारतबीच बेटी रोटीको सम्बन्ध रहेका कारण कसैले निजी प्रयोजनका लागि घरमा मरनहरन भोज भतेरका लागि सामान लिन आए उनीहरुलाई ग्राहिता दिने वातावरण निर्माण गर्न आग्रह गरे।

त्यस्तै, उनले भारत सरकारले निर्माण गर्ने भनेको रामायण सर्किट जस्तै मधेश प्रदेश सरकारले सीता सर्किट बनाएर दुबै देशका श्रद्धालुहरुलाई जोड्न सके पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने बताए।

सो छलफलमा मुख्यमन्त्री सिंहले सीमावर्ती क्षेत्रमा सरसामान खरीद गर्न आवत जावत दिनहुँ हुने गरेता पनि विगतमा भारतीय प्रहरीले नेपाली व्यवसायी र व्यक्तिगत सामान लिन गएका सर्वसाधारणहरुलाई रोकटोक गर्ने, सामान खोस्ने, बिना कामको अल्झाएर राख्ने जस्ता क्रियाकलापहरु हुँदै आएकोमा त्यस्ता घटनाको निगरानी गर्न सीएआईटीका पदाधिकारीहरुलाई आग्रह गरे।

उनले दुबै देशबीच व्यापारीक सन्तुलन कायम रहन आवश्यक रहेको धारणा राखे। उनले सीमावर्ती क्षेत्रमा हुने गरेको अपराधिक घटनाहरुबारे पनि सचेत गरे । उनले लागूऔषध सेवन गर्न सीमावर्ती क्षेत्रमा युवाहरुको संख्या दिनादुदिन बढ्दै गएकोले यसले दुबै देशका युवा पीढीको भविष्य अन्धारमा पुगीरहेको बताए । उनले जनकपुरधामसम्म आउने भारतीय सवारी साधनहरुलाई जनकपुरधामसम्म आउँदा कुनै सवारी कर तिर्नु नपर्ने वातावरण बनाउन पहल गरिरहेको जानकारी दिए।

# पूर्वमन्त्री चौधरीको पहलमा विजयपुरमा सडक स्तरोन्नति

**टुडे सम्बादाता**

रौतहट । मधेश प्रदेश सांसद तथा पूर्वमन्त्री केशव राय चौधरीको पहलमा रौतहट क्षेत्र नं. ३ (क) अन्तर्गत विभिन्न भौतिक पूर्वाधार निर्माण कार्यमा तीव्रता दिइएको छ।

यसै क्रममा फतुवा विजयपुर नगरपालिका-१, वरगिनियामा करिब २५ लाख रुपैयाँको लागतमा सडक स्तरोन्नति तथा आरसीसी ढलानको काम सुरु गरिएको प्रदेश सांसद चौधरीले जानकारी दिए।

उक्त निर्माण कार्यको शिलान्यास भौतिक पूर्वाधार विकास मन्त्रालय, मधेश प्रदेशद्वारा विनियोजित बजेट अन्तर्गत सम्पन्न भएको छ। शिलान्यास कार्यक्रममा स्थानीय जनप्रतिनिधि, सामाजिक अगुवा र सर्वसाधारणको उल्लेखनीय उपस्थिति रहेको थियो । स्थानीयवासीहरूले प्रदेश सांसद चौधरीको पहलमा यसअघि पनि दर्जनौं विकास निर्माणका कामहरू सम्पन्न भइसकेको र थप कामहरू पनि अगाडि बढिरहेको जानकारी दिए।

सांसद चौधरीले जनप्रतिनिधिका हैसियतले आफ्नो क्षेत्रको समग्र विकासलाई प्राथमिकता दिँदै आएको बताए । सडक, पुल, खानेपानी, स्वास्थ्य र शिक्षा क्षेत्रमा समेत बजेटमार्फत ठूला योजनाहरू कार्यान्वयन भइरहेको उनले बताए।

# विपद् स्वयंसेवक तयार गरिँदै

**टुडे समाचारदाता**



रौतहट। रौतहटमा प्रत्येक वर्ष वर्षायाममा हुने गरेको विपद्जन्य घटनामा साथ सहयोगको लागि सशस्त्र प्रहरी बलले स्थानिय युवाहरुलाई विपद् स्वयंसेवकको रुपमा परिचालन गर्न तयारी शुरु गरेको छ।

युवाहरूलाई तयारी स्वरूप सशस्त्र प्रहरी बल नेपाल गण नं. ११ हेक्वा रौतहटको आयोजनामा मंगलबार देखि 'विपद् स्वयंसेवक आधारभूत तालिम' शुरु गरेको छ। समुदायस्तरमै विपद् प्रतिकार्य क्षमताको विकास गर्न र तत्काल उद्धार कार्यमा स्थानीयको सक्रियता बढाउन तालिम सञ्चालन गरिएको सशस्त्र प्रहरी बल रौतहटका एसपी सन्तोष कुमार बस्नेतले बताए। स्वयंसेवक तालिममा गढीमाई नगरपालिका, माधव नारायण नगरपालिका, राजदेवी नगरपालिका, र कटहरिया नगरपालिकाका गरी कुल ३७ जना युवाहरु सहभागी छन्। तालिमको अवधि १८ दिनको हुनेछ । एसपी बस्नेतको नेतृत्वमा सशस्त्र प्रहरीका बिशेषज्ञहरुले तालिम दिने जनाईएको छ। तालिममार्फत विपद् पूर्वतयारी, प्राथमिक उपचार, खोज तथा उद्धार कार्य, विपद् व्यवस्थापनमा प्रयोग हुने उपकरण तथा सामग्रीको प्रयोग सम्बन्धी जानकारी दिइने छ।

सशस्त्र प्रहरी बल नेपालले विपद् व्यवस्थापनमा स्थानीय समुदायलाई सशक्त बनाउने उद्देश्यसहित देशभर विभिन्न स्थानमा यस किसिमको तालिम सञ्चालन गर्दै आएको छ।

तालिमबाट स्थानीय तहमा विपद् स्वयंसेवक उत्पादन गरी सम्भावित विपद्का घटनामा तीव्र र प्रभावकारी प्रतिकार्य गर्ने लक्ष्य राखिएको सशस्त्र प्रहरीले जनाएको छ।

> स्वयंसेवक तालिममा गढीमाई नगरपालिका, माधव नारायण नगरपालिका, राजदेवी नगरपालिका, र कटहरिया नगरपालिकाका गरी कुल ३७ जना युवाहरु सहभागी छन्।

# गुडन कर्विन्सलाई पछ्याउँदै ढुङ्गे हतियारको खोजी

महोत्तरी । जर्मन अन्वेषक तथा भूगर्भशास्त्री गुडन कर्विन्सको खोजलाई पछ्याउँदै पुरातत्व विभाग अहिले महोत्तरीको बर्दिबास-३ राइमण्डल क्षेत्रमा पाषाण युगकालीन हतियार खोज्दै छ। विभागका वरिष्ठ पुरातत्वविद् डा मञ्जिल हजारी र भास्कर ज्ञवालीसहितको विज्ञटोली अहिले राइमण्डल र पाटु क्षेत्रका कान्लापाखा कोट्याउँदै हजारौँ वर्ष पहिलेका ढुङ्गे हतियारको खोजमा लागेको हो।

"हामीले जर्मन अन्वेषक कर्विन्सको खोजलाई पछ्याउँदै काम थालेका छौँ, यहाँ पुराना महत्त्वका ढुङ्गे हतियारका अवशेष भेटेका छौँ", विज्ञटोलीका पुरातत्वविद् ज्ञवालीले भन्नुभयो, "यो खोजको सफलतासँगै यहाँको पुरानो मानव सभ्यता खोजीका लागि नयाँ अध्याय थपिने छ ।" यसपटक १० दिनसम्म यहीं रहेर खोज, अनुसन्धान र अन्वेषणका काममा रहिने टोलीले जनाएको छ।

अहिलेको बिपी राजमार्गको बर्दिबास-३ पाटु पश्चिम र झब्सी नदीपूर्वको राइमण्डल धार्मिक क्षेत्र आसपासमा १२ हजार वर्ष पहिले मानिसले प्रयोग गरेका ढुङ्गे हतियार रहेका तथ्य उजागर भएसँगै विभागले बर्दिबास नगर कार्यपालिकाअन्तर्गत संस्कृति तथा पर्यटन प्रवर्द्धन समितिको समन्वयमा खोजी थालेको हो । गत शनिबारदेखि स्थलगत अध्ययन र अन्वेषण थालेको टोलीले प्रारम्भिक नतिजा पाउन केही दिन लाग्ने जनाएको छ।

"हामीलाई बर्दिबासको संस्कृति तथा पर्यटन प्रवर्द्धन समितिको साथ छ, पाषाण युगकालीन ढुङ्गे हतियार कारखानाको खोजले यस ठाउँको पुरानो मानव सभ्यताको खोज र अध्ययनको ढोका खोल्नेछ", विज्ञ टोलीका डा हजारीले भन्नुभयो, "हामी गहिरो अध्ययन अन्वेषणमा जुटेका छौँ ।"

यस ठाउँबारे यसअघि विभिन्न क्षेत्रका अनुसन्धानकर्ताले अनुसन्धान तथा अन्वेषण गरी प्रतिवेदन प्रकाशन गर्दै आएका छन्। विगतमा यहाँ प्राप्त ढुङ्गे हतियार पुरातत्व विभागको प्रदर्शनीमा राखिसकेकाले थप अनुसन्धानका लागि विस्तृत अध्ययन थालिएको डा हजारीले जानकारी दिनुभयो।

यहाँको ढुङ्गे हतियार कारखानाबारे सबैभन्दा पहिले सन् १९८० को दशकमा जर्मन अन्वेषक गुडन कर्विन्सले मधेसका विभिन्न क्षेत्रमा पुरानो मानव सभ्यताको खोज गर्ने क्रममा अध्ययन प्रतिवेदन प्रकाशन गरेपछि यसबारे चासो बढेको उहाँको भनाइ छ।

"कर्विन्सले 'प्रि हिस्टोरिक कल्चर्स इन नेपाल' नामको पुस्तकमा आफ्नो अध्ययनको निष्कर्ष प्रस्तुत गर्दै पाटु र राइमण्डल क्षेत्रमध्ये पाषाण युगमा हतियार कारखाना रहेको प्रकाश पार्नुभएको छ । कर्विन्सको सो खोज तथा अध्ययन यहाँको नयाँ अन्वेषणको उत्प्रेरणा बनेको हो", पुरातत्वविद् ज्ञवालीले भन्नुभयो।

बर्दिबासको ढुङ्गे हतियार कारखानाबारे गुडन कर्विन्सले पुस्तक प्रकाशन गरेपनि प्रचारप्रसार नहुँदा दुई वर्षअघि बर्दिबास उद्योग वाणिज्य सङ्घको नेतृत्वमा १० वटा सामाजिक सङ्घसंस्थाद्वारा पदयात्रा गर्दै पुरातात्विक, धार्मिक र ऐतिहासिकस्थलबारे अध्ययन गर्न नगरपालिकालाई प्रतिवेदन बुझाइएको थियो। त्यसलगत्तै सङ्घीय सरकारले चालु आर्थिक वर्षको बजेटमा रातु राइमण्डल पुरातात्विक अध्ययन अन्वेषण र आवश्यक कार्य गर्न बजेट विनियोजन गरेपछि ढुङ्गे हतियार कारखानाको खोज अनुसन्धान थालिएको हो ।रासस

# शहीद परिवारद्वारा प्रदेश सरकार विरुद्ध प्रदर्शन




**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधाममा मधेश प्रदेश सरकारविरुद्ध सहिद परिवारका सदस्यहरुले नाराबाजी गर्नुका साथै विरोध प्रदर्शन गरेका छन्।

विभिन्न माग राख्दै सोमबारदेखि शान्तिपूर्ण आन्दोलनमा उत्रेका मधेश प्रदेशका ८ वटै जिल्लाका सहिद परिवारका सदस्यहरुले मंगलबार प्रदेश सरकारविरुद्ध नाराबाजी गर्दै जुलुस निकालेका छन्। जनकपुरधामको मुख्य चोकहरुको परिक्रमा गर्दै जनक चोकमा कोन सभा गरेका छन्।

उनहरुले मधेशी सहिद प्रतिष्ठानमा अविलम्ब सदस्य नियुक्त गर्नुपर्ने, सहिद परिवारका सदस्यहरुका लागि प्रदेश सरकारले घोषणा गरेको स्वास्थ्य विमा लागु गर्नु पर्ने, एक परिवार एक रोजगारी दिनु पर्ने र सहिद परिवारका छोरा छोरीहरुलाई शिक्षामा छात्रवृति दिनु पर्ने माग राखेका छन्।

विगतमा आफ्ना समस्याहरु सुनाउन पटक पटक गृहमन्त्री राज कुमार लेखी र मुख्यमन्त्री सतिश कुमार सिंहलाई भेट्न जाँदा उहाँहरुले घण्टौं बसाएर आश्वासन बाहेक अरु केही नदिएको शहिद चन्दन पटेलका पिता अवदेश पटेलले आरोप लगाएका छन्। उनले सहिद परिवारलाई अहिलेको जनमत नेतृत्वको सरकारले कुनै वास्ता नगरेको गुनासो गरेका छन्। मधेश सरकारले आफूहरुको माग पूरा नगरे जिल्ला मुख्यमन्त्रीदेखि अन्य मन्त्री र नेताहरुलाई जिल्ला प्रवेश गर्न नदिने उनले चेतावनी दिए।

पटेलले शान्तिपूर्ण आन्दोलनले सरकार नजागे आमरण अन्सनमा बस्ने चेतावनी दिएका छन्।


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : कामका राम्रै फाइदाको योग रहेकोछ। मेहनत गरे प्रशस्त धन लाभ हुनेछ।
वृष : नयाँ कामको थालनी गर्ने मौका मिल्नेछ।
मिथुन : काममा लगानी बढाउने समय छ।
कर्कट : साथीभाईसंगको सम्बन्धमा सुधार आउनेछ।
सिंह : प्रतिष्ठित काम गर्ने मौका छ। अरुलाई प्रभावित पारेर काम लिन सकिने छ।
कन्या : सहयोगीहरुले राम्रो सात दिनेछन्। नयाँ काम सुरु गर्ने अवसर छ।
तुला : बिना प्रतिस्पर्धा फाइदा हुने समय छ। विचारले धेरैलाई आकर्षण गर्ने समय छ।
वृश्चिक : विशेष सभा समारोहमा सहभागी बन्ने मौका छ। व्यापारबाट लाभ मिल्ने छ।
धनु : नयाँ कामको प्रस्ताव आउनेछ। पहिलो भेटमा नै धेरैले सहयोग गर्नेछन्।
मकर : सोचेको आटेको काममा सफलता मिल्नेछ।
कुम्भ: साथीभाई र आफन्तको सहयोगबाट प्रशस्त लाभ उठाउन सकिनेछ।
मीन : शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# हिमालको संरक्षण हाम्रो साझा कर्तव्य होः पर्यटनमन्त्री पाण्डे

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले हिमालको संरक्षण हामी सबैको साझा कर्तव्य भएको बताउनुभएको छ।

मंगलबार आयोजना भएको 'अन्तरराष्ट्रिय एभरेस्ट समिटर्स समिट-२०२५' को उद्घाटन गर्दै उहाँले हिमाली संस्कृतिको संरक्षण र भविष्यका पुस्ताका लागि हिमाल सुरक्षित राख्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।मन्त्री पाण्डेले भन्नुभयो, "हामी केवल संसारको शिखर चुम्नेहरूलाई बधाई दिन यहाँ आएका होइनौँ, उहाँहरूको साहस, समर्पण र दृढताप्रति सम्मान प्रकट गर्न पनि यहाँ छौँ ।" उहाँले शेर्पा समुदाय, पथप्रदर्शक, उद्धार टोली र हिमाली क्षेत्रमा निरन्तर खटिएर सेवा पुऱ्याउने सबैप्रति विशेष सम्मानसमेत व्यक्त गर्नुभयो ।

"उहाँहरूको समर्पणले पर्वतीय यात्रालाई सुरक्षित, प्रकृतिप्रति संवेदनशील र अझ अर्थपूर्ण बनाएको छ", मन्त्री पाण्डेले भन्नुभयो । सरकार पर्वतारोहणको प्रवर्द्धनका लागि पूर्वाधार, तालिम र वातावरणीय सुरक्षालाई प्राथमिकतामा राखेर काम गरिरहेको मन्त्री पाण्डेले बताउनुभयो। साथै पर्वतीय पर्यटनसँगै स्थानीय समुदायको समृद्धि र जीवनस्तरमा सुधार ल्याउन प्रतिबद्ध रहेको उहाँको भनाइ थियो ।

मन्त्री पाण्डेले हिमालयलाई केवल भौगोलिक पर्वत नभई सभ्यता, संस्कृति र सहजीवनको सेतुका रूपमा चित्रित गर्दै भन्नुभयो, "यी हिमालहरू पवित्र छन् र तिनीहरूलाई सुरक्षित राख्नु हाम्रो साझा जिम्मेवारी हो ।"

जलवायु परिवर्तन र 'ग्लोबल वार्मिङ'का कारण हिमाली भविष्य सङ्कटमा परेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "अब समय आएको छ, हामीले सावधानी, बुद्धिमत्ता र सम्मानपूर्वक यी हिमालहरूको संरक्षण गर्न आवश्यक छ ।" उहाँले सम्पूर्ण मानव समाजलाई हिमालप्रतिको प्रतिबद्धता नवीकरण गर्न प्रेरणा दिने विश्वास व्यक्त गर्नुभयो। उहाँले सम्मेलनका क्रममा स्वदेशीदेखि विदेशी पर्वतारोहीलाई सम्मानसमेत गर्नुभएको थियो।



कार्यक्रममा नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले नेपालको शान र पहिचानका रुपमा रहेको सगरमाथासहितका हिमाल आरोहणमार्फत साहसिक गन्तव्यको प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो । राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव टङ्कलाल घिसिङले पर्वतीय पर्यटन प्रवर्द्धनका साथै नेपाललाई साहसिक गन्तव्यका रुपमा स्थापित गर्न कार्यक्रम उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो।

सगरमाथा आरोही सङ्घका अध्यक्ष डम्बर पराजुलीले विश्वभरकासगरमाथाआरोहीहरुको हौसला, प्रतिष्ठा र गौरव बढाउन समिट सान्दर्भिक हुने उल्लेख गर्नुभयो । अन्तरराष्ट्रिय सगरमाथा आरोहीहरुको विशेष जमघट ' अन्तरराष्ट्रिय एभरेस्ट समिटर्स समिट-२०२५' पहिलो पटक काठमाडौँमा आयोजना गरिएको हो।

एभरेस्ट एलायन्स नेपालले आयोजना गरेको समिटमा २५ देशका ३०० भन्दा बढी अनुभवी पर्वतारोहीको सहभागिता रहेको छ । सम्मेलनमा नेपालका साथै विश्वका विभिन्न देशबाट राष्ट्रिय तथा अन्तरराष्ट्रिय सगरमाथा आरोहीको विशेष जमघट रहेको छ। सम्मेलनमा भारत, चीन, अमेरिका, पाकिस्तान, बेलायत, इटाली, नर्वे, इरान, सिङ्गापुर, अस्ट्रेलिया, लेबनान, मोरक्को, युएईलगायतका मुलुक सहभागी छन् ।

एभरेस्ट एलायन्स नेपालका अध्यक्ष सुदर्शन नेपालले साहसिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले सम्मेलन आयोजना गरिएको बताउनुभयो । उहाँका अनुसार सम्मेलनले पर्वतारोहण विज्ञ, नीति निर्माता, संरक्षणविद्, पर्यटन सरोकारवाला, हिमाली क्षेत्रका स्थानीयलगायत पर्यटन व्यवसायी, शेर्पा, ट्रेकर तथा पर्वतीय संस्कृतिलाई प्रतिनिधित्व गर्ने समुदायलाई एउटै मञ्चमा ल्याई दिगो पर्यटन प्रवर्द्धन, हिमाली वातावरणीय संरक्षण र स्थानीय समुदायको उत्थानबारे अन्तरराष्ट्रिय सहकार्यका लागि छलफल गर्ने अवसर प्रदान गर्ने उहाँले बताउनुभयो । एभरेस्ट समिटियर्स समिटको मुख्य विशेषता विश्वभरका सगरमाथा आरोहण सम्पन्न गरेका आरोहीलाई एउटै मञ्चमा भेला गराई प्रेरणादायी यात्राका कथा, सफलताको अनुभूति, सङ्घर्षका क्षणहरू र सिकाइका पाटा प्रस्तुत गर्ने रहेको छ । सन् १९५३ मा सर एडमन्ड हिलारीसँगै पहिलो पटक सगरमाथा आरोहण गरेका सदस्य कान्छा शेर्पालाई 'लाइफटाइम एचिभमेन्ट अवार्ड' प्रदान गरिएको छ । कीर्तिमानी आरोही मिङ्मा शेर्पा, हरिबहादुर बुढालगायतलाई सम्मान गरिएको थियो ।

'सगरमाथा हाम्रो गौरव, पहिचान र अब हाम्रो जिम्मेवारी हो' भन्ने सन्देशसहित यो सम्मेलनले हिमालमा बढ्दो पर्यावरणीय सङ्कट, जिम्मेवार पर्वतारोहण अभ्यास र अन्तरराष्ट्रिय सहकार्यको आवश्यकताप्रति ध्यानाकर्षण गराउने विश्वास लिइएको छ । सम्मेलन नेपाललाई सुरक्षित तथा दिगो पर्वतारोहण गन्तव्यका रूपमा स्थापित गर्न, वातावरण संरक्षण प्रवर्द्धन गर्न र अन्तरराष्ट्रिय सञ्जाललाई मजबुत बनाउन महत्वपूर्ण रहने आयोजकको विश्वास छ ।रासस

# मनसुनजन्य विपद् नियन्त्रणको पूर्वतयारी

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले महामारी नियन्त्रणका लागि मनसुनजन्य विपद् सुरु हुनु अघि नै आवश्यक पूर्वतयारी तथा रोकथामका लागि तयारी थालेको छ।

वर्षायाममा विभिन्न सङ्क्रमण, रोग तथा महामारीको सम्भावनालाई दृष्टिगत गरी स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले तयारी बैठक गरेर समयमै प्रतिकार्य तथा रोकथाम सम्बन्धमा छ वटा निर्णय गर्नुभएको उहाँको निजी सचिवालयले जनाएको छ।

विपद् प्रतिकार्य तथा महमामारी नियन्त्रणमा संलग्न स्वास्थ्य अधिकारीहरुसँग आज भएको बैठकमा मन्त्री पौडेलले स्वास्थ्य अधिकारीहरुलाई समस्या समयमा नै पहिचान गरेर तयारी गर्न निर्देशन दिनुभयो।

मन्त्री पौडेलको निजी सचिवालयका अनुसार अब महामारी रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य सेवा विभागले इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा अनुसार सम्भावित महामारी हुने स्थानको पहिचान गरी सरसफाई र शुद्ध पानीको प्रयोग र व्यवस्थापनका लागि आवश्यक तयारी गर्नेछ।

साथै, शुद्ध पानीको प्रयोगका लागि स्थानीय तहसम्मै प्रभावकारी सूचना सामग्री सम्प्रेषणका लागि राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्रले काम थाल्नेछ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले सबै स्थानीय तहका द्रुत प्रतिकार्य समूहसँग भर्चुअल बैठक गरेर आवश्यक सूचना सङ्कलनका साथै तथा तयारी अघि बढाउनेछ।

महाशाखाले सातै प्रदेशमा स्वास्थ्यजन्य विपद् नियन्त्रणका लागि तालिमप्राप्त व्यक्तिको विवरण अद्यावधिक गरेर आवश्यकताअनुसार खटाउने छ।

यसैगरी, राष्ट्रिय आपतकालिन कार्य सञ्चालन केन्द्र तथा राष्ट्रिय तथा प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्रसँग समन्वय गरी आवश्यक तयारी थालिने छ।

'सङ्क्रामक रोग ऐन, २०२०' लाई बदलिँदो परिस्थिति तथा आवश्यकताअनुसार संशोधन गर्न स्वास्थ्य सेवा विभागले एक साताभित्र आवश्यक तयारी गरेर मन्त्रालयमा पेस निर्णय बैठकले गरेको छ ।रासस

## गणतन्त्रमाथि आक्रमण हुँदा मौनता साँधेर बस्नु हुँदैनः नेता गौतम

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का प्रचार तथा प्रकाशन विभागका प्रमुख राजेन्द्र गौतमले गणतन्त्रमाथि आक्रमण भइरहेका बेला कसैले पनि मौनता साँधेर बस्नु नहुने बताउनुभएको छ।

प्रेस चौतारी नेपालले मंगलबार आयोजना गरेको उपत्यकास्तरीय भेलालाई सम्बोधन गर्दै उहाँले जनताको बलिदानबाट प्राप्त भएको गणतन्त्रविरुद्ध कसैलाई पनि जान छुट नभएको बताउनुभयो। उहाँले गणतन्त्रविरुद्ध आक्रमण हुँदा एमाले मुकदर्शक बनेर नबस्ने बताउनुभयो। "अरू पार्टी र सङ्गठन के गर्दछन् त्यो उहाँहरुको नीति र निष्ठाको विषय हो", उहाँले भन्नुभयो, "एमाले गणतन्त्र विरोधीलाई निस्तेज पार्न र गणतन्त्रको पक्षमा माहोल बनाउन सधैँ अग्रपङ्क्तिमा हुनेछ।"

स्थायी कमिटी सदस्यसमेत रहनुभएका गौतमले यही जेठ १५ गते मनाउन थालिएको गणतन्त्र उत्सवलाई सफल पार्नका लागि प्रेस चौतारीले प्रचारप्रसारको कामलाई तीव्र गति दिन निर्देशन दिनुभयो। उहाँले सबै प्रकारका सञ्चारमाध्यम र सामाजिक सञ्जाललाई समेत कार्यक्रमका पक्षमा माहोल बनाउन केन्द्रित गर्न निर्देशन दिनुभएको छ।

अध्यक्ष गणेश पाण्डेले उपत्यकामा रहेका सबै कमिटीलाई गणतन्त्र उत्सव सफल बनाउन सहभागी हुन निर्देशन दिनुभयो। उहाँले प्रेस चौतारीले मंगलबारैदेखि आम सञ्चारमाध्यम र सामाजिक सञ्जालमार्फत कार्यक्रमको व्यापक प्रचार गर्नुपर्ने बताउनुभयो। एमालेले गणतन्त्र दिवसलाई उत्सवका रुपमा मनाउने निर्णय गरेको छ ।रासस


## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८२/०२/१४ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति**
**२०८२/०२/२० गते/स्थान : शाखा कार्यालय बर्दिबास, महोत्तरी**

**बोलपत्र खोलिने मिति/समय**
**२०८२/०२/२१ गते, बुधबार दिनको ३ बजे**

| क्र.सं. | ऋणीको नाम, ठेगाना |
|---|---|
| १. | **नाम : सिभिल हार्डवयर एण्ड सप्लायर्स**<br>नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय जनकपुर, धनुषा प्रा.फ.र.नं. १९५८०/१५०६/२०७८/०७९, दर्ता मिति : २०७८/११/१६, पान नं. १२१४५१४३३, दर्ता मिति : २०७८/११/२२<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ४, **प्रोप्राइटर : पुरुषोतम राउत** |
| | **नाम : जोय एग्रीकल्चर फार्म प्रा.लि.**<br>नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौं<br>दर्ता नं. २६४९९०/०७८/०७९, दर्ता मिति : २०७८/०४/०५, पान नं. ६१००२७२७५, दर्ता मिति : २०७८/०४/०५<br>ठेगाना : महोत्तरी जिल्ला, जलेश्वर न.पा. वडा नं. १२, **संचालक तथा शेयरधनि : पुरुषोतम राउत** |
| | **जमानतकर्ताको विवरण** |
| | **१. नाम : पुरुषोतम राउत**<br>ना.प्र.नं. १८३००२५५८, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/११/३०<br>बाबुको नाम : मदन राउत, बाजेको नाम : केदार राउत<br>ठेगाना : महोत्तरी जिल्ला, नैन्ही वडा नं. ७<br>हाल : महोत्तरी जिल्ला, जलेश्वर न.पा. वडा नं. १२ |
| | **२. नाम : रतन ठाकुर**<br>ना.प्र.नं. १७११०२/२९४, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६५/०२/०९<br>बाबुको नाम : श्याम ठाकुर हजाम<br>बाजेको नाम : श्वहर ठाकुर<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर वडा नं. १६ |
| | **३. नाम : रिता कुमारी राय**<br>ना.प्र.नं. १८-०१-७७-०५७९२, जि.प्र.का. महोत्तरी, जारी मिति : २०७७/१०/०६<br>पतिको नाम : पुरुषोतम राउत, ससुराको नाम : मदन राउत<br>ठेगाना : महोत्तरी जिल्ला, जलेश्वर न.पा. वडा नं. १२ |
| | **धितोको विवरण** |
| | पुरुषोतम राउतको नाममा मालपोत कार्यालय हरीवन सर्लाहीमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला, हरीपुर वडा नं. ९ ख स्थित कित्ता नं. ११२ र ३५० को क्षेत्रफल क्रमशः २-५-०-० र ०-१७-५-० (बि.क.धु.क.) तथा सर्लाही जिल्ला, हरीपुर वडा नं. ९ घ स्थित कित्ता नं. ११३६ को क्षेत्रफल ०-०-१७-० (बि.क.धु.क.) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। |

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



## लोहारपट्टी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### लोहारपट्टी, महोत्तरी
मधेश प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना

**सूचना प्रकाशित मिति : २०८२/०२/१४**

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०८२/०१/२५ वि.सं. (8th May 2025 AD) गते राष्ट्रिय दैनिक पत्रिका जकनपुरटुडेमा प्रकाशित सूचना अनुसार तथा www.bolpatra.gov.np/egp मा e–Submission मार्फत Shree ramdev janta uch madhyamik vidyalaya chhetra ma purbadhar nirman karya (Loharpatti Municipality- 7, Bhramarpura) (Contract Identification NO: SQ/WORKS/LM/2081/82/07) कार्यको लागि रितपूर्वक पेश हुन आएका बोलपत्रहरु मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाता न्यूनतम मूल्याङ्कन सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि पेश भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको लागि यो ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना जारी गरिएको छ।

**तपसिल**

| सि. नं. | खरिद नं./ठेक्का नं. | योजनाको नाम | स्वीकृत हुने फर्मको नाम, ठेगाना | कबोल अङ्क (मु.अ.कर र PS बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १. | SQ/WORKS/LB/2081/82/07 | Shree ramdev janta uch madhyamik vidyalaya chhetra ma purbadhar nirman karya (Loharpatti Municipality-7, Bhramarpura) | Anurag Builder, Ekdara-4, Mahottari Nepal | Nrs. 13,97,318.65 | न्यूनतम मुल्याङ्किक सारभुत रुपमा प्रभावग्राही बोलपत्र |

**नि. प्रमुख प्रशासकीय अधिकृत**



Government of Madhesh Province
## Ministry of Education and Culture
### Janakpurdham, Madhesh Province, Nepal

## Call for Abstracts: National Education Conference 2082

The Ministry of Education and Culture, Madhesh Province, Nepal, is delighted to announce the upcoming National Education Conference, to be held on 10th and 11th of Ashadh 2082 (24th and 25th of Jun, 2025) in Janakpurdham, Madhesh Province.

This pivotal event will convene stakeholders from government agencies, donor organizations, INGOs, NGOs, academic institutions, civil society, and education experts to reflect on the current state of education, share best practices, and foster collaborative strategies for educational reform and innovation-particularly within Madhesh Province.

**Themes for Abstract Submission**

We invite you to submit abstracts on the following (but not limited to) themes:

1. Innovative Approaches to Teaching and Learning
2. Education Policy and Governance
3. Inclusive and Equitable Education
4. Digital Transformation in Education
5. Community Engagement and Partnerships
6. Research and Evidence-Based Practice in Education
7. Challenges and Opportunities in Madhesh Province
8. Resource Mobilization and Sustainability in Education

**Submission Guidelines**

**Abstract Length:** Maximum 300 words
**Language:** English or Nepali
**Format:** Include Title, Author(s), Affiliation, Contact Information, and up to 5 keywords
**Submission Email:** necmadhesh@gmail.com Or kunwarvishnumr@gmail.com

**Selection Process**

All submissions will be reviewed by the Conference Scientific Committee. Selected abstracts will be invited for oral or poster presentations during the conference.


**Important Dates**

**Abstract Submission Deadline:** 21st of Jestha, 2082 (4th of Jun, 2025)
**Notification of Acceptance:** 29th of Jestha, 2082 (12th of Jun, 2025)
**Conference Dates:** 10th and 11th of Ashadh 2082 (24th and 25th of Jun, 2025)

**Contact Information**

For queries or further information, please contact:
Mr. Vishnu Kunwar
Email: kunwarvishnumr@gmail.com
Phone: 9854024540 / 9801641200

**Acting Province Secretary**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# नैतिकताको गम्भीर प्रश्न

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अध्यागमन विभागमा अनुसन्धान थालेको छ । वैदेशिक रोजगारीमा जाने नेपालीहरु सित अवैध रुपमा रकम असुली भैरहेको अख्तियारको अनुसन्धानबाट खुलेको छ । मासिक करोडौं रुपैयाँ अवैध असुली हुने गरेको देखिन्छ । अख्तियारले भित्र पुगेर अनुसन्धान गरिरहेको छ । अध्यागमन विभागका प्रमुख विमानस्थलबाट गृहमन्त्रालय सरुवा भएको २४ घण्टा भित्रै अख्तियारले पक्राउ गरेको थियो । भिजिट भिसा प्रकरणमा गृहमन्त्रीका निजी सचिवालयका कर्मचारीहरुको समेत संलग्नता रहेको आशंका गरिएको छ । तर हालसम्म अख्तियारले सचिवालयका कसैलाई नियन्त्रणमा लिएको छैन । मन्त्रीको संलग्नता हुनुको प्रमुख रुपमा दुई वटा आधार हाल देखिएको छ । अध्यागमनका प्रमुख र विमानस्थलको प्राविधिकलगायतका फाँटमा कार्यरत सुब्बाहरुको सरुवा पहिलो आधार मानिएको छ । दोस्रो आधार अख्तियारले अनुसन्धान गरिरहेको सूचनाको चुहावटलाई दिएको छ । गृहमन्त्री रमेश लेखकको संलग्नता नहुन पनि सक्छ । हुन पनि सक्छ । त्यो अनुसन्धानबाट खुल्ने छ । तर अहिलेको प्रमुख विषय नैतिकताको उठेको छ । गृहमन्त्री लेखक माथि प्रश्न उठेको छ । उनी अत्यन्त शालिन र स्वच्छ छविका नेतमा गनिन्छन् । विगतमा उनले अन्य मन्त्रीहरुमाथि पनि नैतिकताको विषय उठाएको अहिले संसदमा दोहरिएको छ । गृहमन्त्री लेखकले राजीनामा दिनु पर्छ अथवा पर्दैन भने विषयमा प्रतिनिधिसभामा प्रष्ट दुई धार देखिएको छ । नेपाली कांग्रेसका संसद डा. शेखर कोईराला बाहेकका नेताहरुले गृहमन्त्री लेखकले राजीनामा दिन नहुने पक्षमा देखिएका छन् । तर सबै विपक्षी दलहरुले प्रश्न उठेपछि मन्त्रीले राजीनामा दिनै पर्ने अडान लिएका छन् । अख्तियारले पनि अनुसन्धानलाई जारी राखेको छ । भिजिट भिसा प्रकरण ठूलो मुद्दा बनेको छ । भिजिट भिसा प्रकरणमा कयौं अर्ब रुपैयाँ विदेश जाने कामदार नेपालीहरुबाट अवैध रुपमा उठाइएको छ । त्यो रुपैयाँ गृहमन्त्रीसम्म निश्चित पुगेको विपक्षी सांसदहरुको कथन छ । मन्त्री लेखकले आफ्नो सफाइमा अहिले मुख खोलेका छैनन् । कानुनविद् समेत रहेका लेखक माथि उठेको प्रश्नको उनले जवाफ दिनुपर्छ । तर नैतिकताको विषय जोडिएकाले लेखकलाई अप्ठ्यारोमा पारेको देखिन्छ । उनले राजीनामा दिए र दोषी नठहरे उनको उचाई धेरै बढने छ । राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का अध्यक्ष रवि लामिछानेले गरेको अनेक नाटक र छलछाम जस्तो लेखकले गर्न हुँदैन । सरकार पूर्वाग्रही भएर कारबाही चलाएको होइन भने सर्वोच्च अदालतले लामिछाने प्रकरणमा दिएको फैसलाले प्रष्ट भइसकेको छ । तर लेखक र लामिछाने फरक फरक चरित्र भएका व्यक्ति हुन् । गृह मन्त्री लेखक निर्दोष रहे नरहेको आफूले बुझ्केकै हुनु पर्छ । त्यसकारण उनी यस विषयमा उच्च नैतिकताको धरातलमा उभिन आवश्यक छ ।

# आयोजना बैङ्कमा निरन्तर छेडखानी : कानुन ल्याएर बजेटमा मनोमानी

**हेमन्त जोसी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २६ (५)मा उल्लेख छ ‘राष्ट्रिय आयोजना बैङ्कमा समावेश नभएको आयोजनाका लागि बजेट विनियोजन गर्न पाइँदैन’ । तर, नियमावली आएको पाँच वर्ष पूरा हुँदा पनि आयोजना बैङ्क (प्रोजेक्ट बैङ्क) प्रभावकारी बन्न सकेको छैन । कानुन मिचेर प्रोजेक्ट बैङ्कमा हुने छेडखानी र बजेटमा अनुकूलता खोज्ने परिपाटी भने हरेक वर्ष दोहोरिइरहेको मात्र छैन नियति नै बनेको छ । निगरानी तथा नियमनकारी निकायहरूले पटक-पटक प्रश्न उठाएको मात्र नभई सुधारका लागि सुझाव दिँदा पनि कार्यान्वयनको गुञ्जायस छैन ।

शक्ति र पहुँचका आधारमा योजना बाँड्ने, पूर्वतयारी नै नभएका आयोजनामा बजेट पार्ने, जथाभावी स्रोत सुनिश्चितता दिनेजस्ता कार्य रोक्न प्रोजेक्ट बैङ्क महत्त्वपूर्ण अस्त्र हुने ठानिएको थियो । तर यही उपकरण नै बजेट अनुशासन मिच्ने औजार बन्न थालेको छ । एकातर्फ बैङ्कमा नराखिएका योजनालाई वार्षिक बजेटमा राख्ने प्रवृत्ति तोड्न सकिएको छैन भने सँगसँगै कानुन र मापदण्ड विपरीत जथाभावी परियोजना प्रविष्ट गर्नेदेखि पूर्वाग्रही नियतले हटाउनेसम्मका काम अघिल्ला आर्थिक वर्षजस्तै यस वर्ष पनि दोहोरिएको छ ।

**बजेटसँग छैन तालमेल**

प्रोजेक्ट बैङ्कका आयोजना मात्रै बजेटमा राख्ने आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको व्यवस्था यसपटक पनि पूर्णरूपमा कार्यान्वयन हुनसक्ने अवस्था देखिँदैन । यद्यपि, नियमावली कार्यान्वयन हुनेमा आशावादी रहेको अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगका अधिकारीहरू बताउँछन् । “अहिले पनि योजना प्रबिष्टिको काम भइरहेको छ । यसमा हामी के-कति सफल हुन्छौं भनेर बजेट आइसकेपछि थाहा हुन्छ,” अर्थमन्त्रालयका प्रवक्ता श्यामप्रसाद भण्डारीले रासससँग कुरा गर्दै भन्नुभयो, “हिजो र आज पनि हामी हामी प्रोजेक्ट बैङ्कमै लागिरहेका छौं । विषयगत मन्त्रालयहरू र योजना आयोगबीच पनि समन्वय भइरहेको छ । नियमावलीको व्यवस्था कार्यान्वयन हुन्छ भन्नेमै छौं ।”

**मापदण्ड विपरीत योजना दर्ता**

चैत मसान्तपछि प्रोजेक्ट बैङ्कमा योजना प्रविष्ट गर्नु सरकार आफैंले बनाएको मापदण्डको बर्खिलाप हो । तर बजेट सार्वजनिक हुने दुई दिन अघिसम्म पनि विभिन्न मन्त्रालयहरूले प्रोजेक्ट बैङ्कमा योजना हालिरहेका छन् । राष्ट्रिय आयोजना बैङ्क (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ को बुँदा नम्बर ४ (५) मा ‘आयोजना बैङ्कमा अघिल्लो आर्थिक वर्षको फागुन मसान्तभित्र आयोजना प्रविष्टि गरिसक्नुपर्ने’ व्यवस्था छ । आगामी आर्थिक वर्ष २०८२/८३ मा कार्यान्वयन हुने नयाँ आयोजनाको हकमा भने चैत मसान्तभित्र आयोजना प्रविष्टि गरिसक्नुपर्ने व्यवस्था गरिएको थियो ।

अर्थ मन्त्रालयका प्रवक्ता श्यामप्रसाद भण्डारी र योजना आयोगका सहसचिव अर्जुन भण्डारी अहिले पनि योजना प्रविष्टि चलिरहेको स्वीकार्नुहुन्छ । “यसवर्ष मापदण्ड फागुनमा जारी भयो । चैत मसान्तसम्म सबै आयोजना प्रविष्ट गरिसक्ने अवस्था थिएन । त्यसकारण हामीले अहिले पनि योजना हालिरहेका छौं । यसको समयावधि बढाउने विषयमा योजना आयोगले केही निर्णय गर्नसक्छ,” योजना आयोगका सहसचिव अर्जुन भण्डारीले रासससँग भन्नुभयो । यस वर्ष आयोगले प्रोजेक्ट बैङ्कमा योजना प्रविष्ट गर्ने समय जेठ १३ गतेसम्मका लागि तोकेको जनाएको छ ।

**राजनीतिक दबाब र कर्मचारीको असहयोग**

विनियोजन कुशलता र आर्थिक अनुशासन पालनाका लागि प्रोजेक्ट बैङ्कको अपरिहार्यता देखेरै कानुनमा बाध्यकारी बनाइएको थियो । तर राजनीतिक नेतृत्व र कर्मचारी संयन्त्र यसमा गम्भीर हुन सकेन । योजना आयोगका पूर्वउपाध्यक्ष डा मीनबहादुर श्रेष्ठ राजनीतिक दबाबका कारण वार्षिक बजेटमा जथाभावी योजना हाल्ने प्रवृत्ति र कर्मचारी संयन्त्रको असहयोगका कारण प्रोजेक्ट बैङ्क सफल हुन नसकेको बताउनुहुन्छ । “बजेट बनाउने बेला राजनीतिज्ञहरूले ऐन, कानुन, नियमावली, बजेट अनुशासन सबै कुरा बिर्सन्छन् । नेताहरूले दिएको सूची (प्रोजेक्ट लिस्ट) अनुसार योजना पऱ्यो कि परेन भन्नेसँग मात्र चासो हुन्छ । दबाब थेग्नै नसकिने हुन्छ,” डा श्रेष्ठ भन्नुहुन्छ, “प्रोजेक्ट बैङ्कमा राखिएका योजनालाई मात्र बजेट छुट्याउने व्यवस्था गरिनुपर्छ भनेर गत वर्ष हामीले जोडबल गर्दा त्यसमा विषयगत मन्त्रालय र कर्मचारीहरूले सहयोग गरेनन् ।” प्रोजेक्ट बैङ्कसम्बन्धी नियमावलीको व्यवस्था बाध्यकारी बनाउन खोज्दा गत वर्ष एकै पटक ठूलो सङ्ख्यामा आयोजना प्रविष्टि भएको पनि डा श्रेष्ठ बताउनुहुन्छ ।

कानुनले बाध्यकारी बनाएको व्यवस्थालाई राजनीतिक नेतृत्व र कर्मचारी संयन्त्र दुवैले बुझ्न नसकेको पूर्वसचिव मधुकुमार मरासिनीको पनि बुझाइ छ ।

“प्रोजेक्ट बैङ्कको संवेदनशीलता नबुझ्दा त्यसको परिपालना भएको देखिँदैन । कानुनमा भएको विषय परिपालनाका लागि सबै कर्मचारीलाई तालिम दिनेमा पनि हामी चुकेका छौं,” मरासिनी भन्नुहुन्छ, “अघिल्लो वर्ष प्रोजेक्ट बैङ्कमा के-कस्ता आयोजना राख्ने हो भन्ने स्पष्टता थिएन । हामीले बाध्य बनाउन खोज्दा एकै पटक धेरैवटा योजनाहरू बैङ्कमा राखिए । त्यसमा पनि अधिकांश पुराना योजना हुन् । बाध्यकारी रूपमा जानुपर्छभन्दा गुणस्तरमा ध्यान पुगेन ।”

> मापदण्डअनुसार रु तीन करोडभन्दा बढी लागत भएका वा विनियोजन भएका आयोजना मात्र प्रोजेक्ट बैंकमा प्रविष्टि गर्नुपर्ने हुन्छ । त्यस्तै, चालु प्रकृतिका वा सालबसाली रुपमा कार्यान्वयन हुने आयोजना वा कार्यक्रमबाहेकका अन्य आयोजना मात्र राष्ट्रिय आयोजना बैंकमा राख्नुपर्ने व्यवस्था गरिएको छ ।

**जथाभावी ‘इन्ट्री’**

बजेट पार्नकै लागि प्रोजेक्ट बैङ्कमा जथाभावी आयोजना प्रविष्ट गर्ने र बजेट छर्ने प्रवृत्ति पछिल्ला वर्षहरूमा बढ्दै गएको देखिन्छ । योजना आयोगले उपलब्ध गराएको तथ्याङ्कले पनि त्यसको पुष्टि गर्छ । आयोगका अनुसार परियोजना बैङ्कमा आव २०७७/७८ सम्ममा छ हजार ६४४ आयोजना प्रविष्टि गरिएको थियो । त्यस्तै, आव २०७८/७९ मा ९९, आव २०७९/८० मा ३९, आव २०८०/८१ मा ११ हजार १४ र चालु आव २०८१/८२ मा २२१ वटा आयोजना प्रोजेक्ट बैङ्कमा हालिएको थियो ।

गत वर्ष मात्रै सहरी विकास मन्त्रालयका सात हजार ३७७, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका पाँच हजार २९४, खानेपानी मन्त्रालयका दुई हजार ८५९ आयोजना प्रोजेक्ट बैङ्कमा हालिएका थिए । त्यस्तै, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयको ६४०, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको ६१५, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका २२८ वटा योजना बैङ्कमा प्रविष्ट भए । यति धेरै आयोजना एकै आर्थिक वर्षमा प्रविष्ट हुनु आफैंमा शङ्कास्पद रहेको भनेर त्यसको आलोचनासमेत भएको थियो । विस्तृत परियोजना प्रतिवेदन, प्राविधिक तयारी, लागत विश्लेषण, वातावरणीय मूल्याङ्कनजस्ता काम सम्पन्न नहुँदै आयोजना बैङ्कमा राखिएको आरोप अर्थ मन्त्रालय र आयोग माथि लागेको थियो । तर, तत्कालीन नेतृत्वले भने त्यसको बचाउ गर्दै आएको छ । प्रोजेक्ट बैङ्कमा परेका आयोजनालाई मात्रै बजेट राख्ने भनिएपछि क्रमागत प्रकृतिका, सानो बजेटजस्ता योजना मात्र नभई कार्यक्रमहरू पनि प्रविष्ट भए पनि सङ्ख्या बढेको उहाँहरूको दाबी छ ।

**महालेखाको प्रश्न**

आयोजना बैङ्क प्रभावकारी हुन नसकेको भन्दै महालेखापरीक्षकको कार्यालयले पछिल्ला पाँच वर्षदेखि निरन्तर प्रश्न उठाइरहेको छ । महालेखापरीक्षकको ५८औँ प्रतिवेदन, २०७८ देखि ६२औँ प्रतिवेदन २०८२ सम्म निरन्तर प्रोजेक्ट बैङ्कको प्रभावकारितामाथि प्रश्न उठाइएको छ । प्रोजेक्ट बैङ्कमा प्रविष्ट नगरीकन बजेट बाँडेको देखि मापदण्ड विपरीतका आयोजनालाई बैङ्कमा प्रविष्ट गरेकोसम्ममा कैफियत महालेखाले औँल्याएको छ ।

“सङ्घले रु तीन करोडभन्दा कम र प्रदेशबाट रु एक करोडभन्दा कम लागतका आयोजना कार्यान्वयन नगरिने उल्लेख भएकामा रु तीन करोडभन्दा कम लागत अनुमान भएका आयोजनाहरू बैङ्कमा समावेश गरी सङ्घीय सरकारबाट कार्यान्वयन गर्नेगरी बजेट विनियोजन भएको देखिन्छ । आयोगले आयोजना बैङ्कमा प्रविष्ट आयोजनाको विश्लेषण र मूल्याङ्कन गर्दा उल्लिखित प्रावधानको अवलम्बन गरेको देखिएन,” महालेखाको ६२औं प्रतिवेदनमा भनिएको छ ।

गत आर्थिक वर्ष २०८०/८१ सम्ममा आयोजना बैङ्कमा प्रविष्ट १८ हजार १२ मध्ये चालु अवस्थाका सात हजार ७०५ आयोजना थिए । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको मात्रै चालु अवस्थाको आयोजना सङ्ख्या हेर्दा तीन हजार १८५ वटा देखिन्छ । तर भौतिक मन्त्रालयका लागि सो आर्थिक वर्षमा तीन हजार ९९० वटा योजनाका लागि बजेट छुट्याइयो । अर्थात् प्रोजेक्ट बैङ्कमा प्रविष्ट नभएका ८०५ वटा आयोजनामा बजेट परेको देखिन्छ । त्यस्तै, शहरी विकास मन्त्रालयका चार हजार ९६२ आयोजनालाई प्रोजेक्ट बैङ्कमा प्रविष्ट नगरीकनै बजेट छुट्याइएको थियो ।

यसरी आयोजना बैङ्कमा प्रविष्ट नभएको आयोजनाहरूमा समेत बजेट विनियोजन भएको देखिए पनि महालेखाले प्रश्न उठाएको थियो । योजना आयोग र अर्थ मन्त्रालयले सम्बन्धित मन्त्रालयहरूको वार्षिक कार्यक्रम छलफल र स्वीकृत गर्दा आयोजना बैङ्कमा प्रविष्ट भएका आयोजनामा मात्र बजेट विनियोजन गर्ने व्यवस्था मिलाउनुपर्ने सुझाव पनि महालेखाले दिएको छ ।

**अध्ययनबिना नै प्रोजेक्ट बैमा ‘कैंची’**

आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटका लागि स्रोत जुटाउन सकस परेको भन्दै सरकारले आयोजना कटौती गर्ने नीति लिएको छ । सरकारको रातो किताबमा पर्ने तर कार्यान्वयन गर्न नसकिने र नतिजासमेत नदिने आयोजनामा कैंची चल्ने सङ्केत अर्थ मन्त्रालय र योजना आयोगबाट भइरहेका छन् । अघिल्लो वर्ष प्राजेक्ट बैङ्कमा राखिएका सबै आयोजना कार्यान्वयन गर्न सम्भव छैन भनेर करिब आठ हजार हाराहारीमा झारिएको छ । अर्थात् प्रोजेक्ट बैङ्कमा परेका करिब १० देखि ११ हजारको सङ्ख्यामा आयोजनाहरू कटौतीमा पर्ने भएका छन् । तर आयोजना कटौती गर्दा कस्तो प्रकृतिका आयोजनालाई बैङ्कबाट हटाउने र त्यसरी हटाउँदा के कस्ता प्रभाव देखिनसक्छ भनेर कुनै अध्ययन भएको देखिँदैन । योजना आयोगले भने आयोजना बैङ्क (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्डअनुसार काँटछाँट गरिएको बताउँदै आएको छ ।

अर्थ मन्त्रालयले पनि स्रोतमा चाप देखिएका कारण यसवर्ष योजनामा भारी कटौती हुने बताउँदै आएको छ । गत वैशाख २७ गते नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले आयोजना गरेको पूर्व-बजेट छलफल कार्यक्रममा उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले विनियोजन कुशलता कमजोर भएको र जथाभावी योजना बाँड्ने प्रवृत्ति मौलाएको बताउनुहुँदै आफूले त्यसमा नियन्त्रणको प्रयास गर्ने बताउनुभएको थियो । “बजेट विनियोजन र कार्यान्वयनका बीचमा ठूलो खाडल सिर्जना भएको छ र त्यसो हुनुमा हामी नै जिम्मेवार छौं । चालु आर्थिक वर्षमा मात्रै ११ हजारभन्दा बढी योजना प्रोजेक्ट बैङ्कमा थपिनुले पनि हाम्रो विनियोजन कुशलता कति छ भन्ने देखाउँछ,” अर्थमन्त्री पौडलको भनाइ थियो, “अहिले म थप खाल्डो खन्न होइन त्यसलाई पुर्न खोजिरहेको छु । मैले यसमा सबै क्षेत्रको साथ खोजेको छु ।” आगामी आर्थिक वर्षको बजेटलाई यथार्थपरक बनाउन प्रयास गर्ने र कार्यान्वयन सुनिश्चितासहितको बजेट ल्याउने उहाँको दाबी थियो । आगामी आवको बजेट बनाउँदा कुशलतासहितको विनियोजन गर्ने, अनुशासनतर्फ फर्किन प्रयास गर्ने र असीमित दायित्वलाई प्राथमिकीकरण गर्ने भनेर अर्थमन्त्री पौडेलले विभिन्न सार्वजनिक कार्यक्रममा समेत बताउँदै आउनुभएको छ ।

**नयाँ मापदण्ड**

राष्ट्रिय आयोजना बैङ्क (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ अनुसार निश्चित उद्देश्य, लक्ष्य र परिणामका लागि कार्यान्वयन गरिने समयसीमा तथा बजेट लागतसमेत खुलाइएर प्रोजेक्ट बैङ्कमा आयोजना प्रविष्ट गर्नुपर्ने हुन्छ । पूर्वतयारी सम्पन्न भइसकेका, निर्माण सम्पन्न भएपछि सार्वजनिक सम्पत्तिमा वृद्धि वा रूपान्तरण हुने पूर्वाधार, आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय तथा अन्य विकाससँग सम्बन्धित कार्यलाई आयोजना मानिने र त्यस्ता आयोजना प्रोजेक्ट बैङ्कमा राखिने मापदण्डमा उल्लेख छ ।

त्यस्तै, आयोजना निर्माणको स्रोत के हो ? भन्नेकुरा पनि खुलाउनुपर्ने हुन्छ । नेपाल सरकारको स्रोत, वैदेशिक तथा आन्तरिक ऋण वा अनुदानमा सञ्चालन हुने सबै खालका आयोजनालाई प्रोजेक्ट बैङ्कमा राख्नुपर्ने व्यवस्था गरिएको छ । सार्वजनिक-निजी साझेदारीमा सञ्चालन हुने आयोजना, प्रदेश तथा स्थानीय सरकारबाट कार्यान्वयन हुने राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनालाई पनि प्रोजेक्ट बैङ्कमा राख्नुपर्ने व्यवस्था गरिएको छ ।

मापदण्डअनुसार रू तीन करोडभन्दा बढी लागत भएका वा विनियोजन भएका आयोजना मात्र प्रोजेक्ट बैङ्कमा प्रविष्ट गर्नुपर्ने हुन्छ । त्यस्तै, चालु प्रकृतिका वा सालबसाली रूपमा कार्यान्वयन हुने आयोजना वा कार्यक्रमबाहेकका अन्य आयोजना मात्र राष्ट्रिय आयोजना बैङ्कमा राख्नुपर्ने व्यवस्था गरिएको छ ।

प्रोजेक्ट बैङ्कलाई सरकारका अन्य विभिन्न सूचना प्रणालीसँग आबद्ध गर्नुपर्ने व्यवस्था पनि मापदण्डमा राखिएको छ । मध्यमकालीन खर्च संरचना, बजेट व्यवस्थापन सूचना प्रणाली (एलएमबिआइएस), विद्युतीय खरिद प्रणाली तथा एकीकृत ‘अनलाइन’ अनुगमन प्रणालीसँग आयोजना व्यवस्थापन सूचना प्रणालीलाई अन्तरआबद्धता कायम गर्नुपर्ने व्यवस्था रहेको छ । यसका लागि आयोगले तयारीसमेत गरिरहेको सहसचिव भण्डारीले बताउनुभयो । उहाँका अनुसार सबै प्रदेश र स्थानीय तहहरूमा पनि प्रोजेक्ट बैङ्क आवश्यक पर्ने भएकाले आयोगको समन्वयमा नै एकीकृत प्रोजेक्ट बैङ्क र सूचना प्रणालीको मापदण्ड बनाउने तयारी रहेको छ ।रासस

# सङ्कटमा रैथाने स्रोत, बीउ जोगाउँदै बैङ्क

**टिकाराम सुनार**

“पहिलेपहिले नेपालका हरेक घर नै बीउ बैङ्कजस्तै थिए । हरेक घरमा बीउ भकारी हुन्थे, भित्तामा समेत बीउ राख्ने चलन थियो । केही ढुङ्गोमा, केही फाटेको टोलो (कपडा)मा । सप्रेका चीजबाट बीउ छानेर राख्ने चलन थियो, अनि समय आएपछि आफूले पनि रोप्थे, छिमेकीलाई पनि दिन्थे । बीउसमेत ऐँचोपैँचो हुन्थ्यो । त्यो बीउ मात्र नभई समाज नै रहेछ । अचेल त्यस्तो रहेन”, रैथाने एग्री प्रोडक्टका अध्यक्ष तिलक ढकाल भन्नुहुन्छ ।

हुन पनि केही दशकअघिसम्म पनि धेरैजसो किसानले आफूलाई चाहिने बीउ परम्परागत शैलीमा संरक्षण गर्थे, त्यसैबाट जैविक खेती प्रणाली जोगाइरहेका थिए । पछिल्लो सयम जलवायु परिवर्तन, आधुनिक बालिहरूको बढ्दो प्रयोग र बजार मुखी कृषि प्रणालीका कारण परम्परागत बीउ संरक्षण अभ्यास सङ्कटमा छ । त्यसैकारण होला नेपालका धेरै कृषि आनुवंशिक स्रोतहरू सङ्कटमा छन् ।

“हाम्रा बाली हराउँदै गएकाभन्दा पनि हामीले उन्नत जातका नाममा तिनलाई छोड्दै गएकाले समस्या भएको हो । रैथाने बाली तथा स्रोतले त पुस्तौं पुस्तादेखि नेपाली माटो, भूगोल (रिजान), हावापानी (सिजन) चिनेका छन् । पुस्तौंसम्म बीउ बन्ने सामर्थ्य राख्छन् । हामी भने धेरै फल्ने र नफल्नेमै झल्झियौं, सरकारले पनि कृषि आधुनिकीकरणका नाममा रैथाने स्रोतको संरक्षण गर्न सकेन”, ढकाल भन्नुहुन्छ, “अब चेत्नुपर्ने बेला आएको छ । बीउ नै रहेन भने समस्या झन् विकराल बन्नेवाला छ । त्यसैले हरेक घर र समाजमा रहेका बहुबाली प्रथा, त्यससँग जोडिएका मौलिक सीप र ज्ञान जोगाउँदै जानुपर्छ ।” यसका लागि रैथाने बाली तथा कृषि जैविक विविधताका स्रोत संरक्षण, त्यसको प्रवर्द्धन र बजारीकरणको सुनिश्चितता गरी यसैबाट धनी बन्न सकिन्छ भन्ने सन्देश फैलाउन जरुरी रहेको उहाँको भनाइ छ ।

अर्का संरक्षण अभियन्ता मथुरा खनाल पनि परम्परागत रैथाने आनुवंशिक स्रोतहरू सङ्कटमा पर्न थालेकामा चिन्ता व्यक्त गर्नुहुन्छ । “पहिले बाउबाजेका पालामा राम्रो उब्जनी हुने अन्नबाली अचेल देखिँदैनन् । हाम्रो जीवनकालमा खेतबारीमा हुने धान, मकै, गहुँ, फलफूल तथा तरकारी बाली पनि हराउँदै गएका छन्”, उहाँ भन्नुहुन्छ, “यसमा बालीको कुरा मात्रै होइन वन स्रोत । सूक्ष्म जीवाणुको कुरा पनि आउँछ । त्यसैले यस्तै अवस्था रहने र बाँकी रहेका लोपोन्मुख, दुर्लभ तथा विशेष गुण भएका कृषि आनुवंशिक स्रोत संरक्षणका लागि पहल नहुने हो भने निकै समस्या आउनेवाला छ ।”

खनालका अनुसार नेपाललाई विश्वकै जीवन्त जैविक विविधताको सङ्ग्रहालय भनिन्छ तर जलवायु सङ्कटका कारण यहाँका धेरै जैविक विविधतामाथि क्षति बेहोर्नु परेको छ । पछिल्लो दशक नेपालका अधिकांश रैथाने स्रोतहरू मानवीय क्रियाकलाप, उन्नत जातको प्रयोग र ऐँजेरुजस्ता वनमाराका कारण थप समस्यामा परेको बताउने वातावरणविद् खनाल नेपालका रैथाने र परम्परागत ज्ञानको नाश हुनु अझ डरलाग्दो विषय भएको बताउनुहुन्छ ।

“हाम्रा जमिन बाँझो र कृषक पलायन हुँदैछन् । यसको अर्थ हाम्रो परम्परागत ज्ञान नै लोप हुने खतरा छ । रैथाने ज्ञान र श्रम अभ्यास नै लोप हुने अवस्थाले हामी हरेक वस्तुमा परनिर्भरतातर्फ गइरहेका छौं । यसले हामीलाई कुन दिशातिर लैजाँदैछ भनेर गम्भीर समीक्षा गरौं”, उहाँ भन्नुहुन्छ, “यस्तो अवस्थामा जीन बैङ्कजस्ता प्रविधिको प्रयोगमार्फत स्रोतको संरक्षण र तिनको सामाजिकीकरणका लागि काम गर्नुपर्ने आवश्यकता छ । प्रयोगशालाको उपयोग र परम्परागत कृषि ज्ञानको प्रसारलाई सँगसँगै अगाडि बढाउन लाग्नुपर्छ ।”

मानव स्वास्थ्य, आर्थिक उन्नति र खाद्य सम्प्रभूता प्रकृतिमाथि नै अडेको छ तर यही प्रकृति हिजोआज जटिल समस्यामा छ । विभिन्न अध्ययनले पारिस्थितिकीय प्रणालीको ह्रासले गर्दा विश्वका ४० प्रतिशत मानिस आफ्नो समुन्नतिबाट वञ्चित भएका भनेर औंल्याएका छन् । नेपालकै कुरा गर्ने हो भने यहाँको कृषि जैविक विविधतामा गम्भीर सङ्कट आउँदा धेरै मानिसहरू आन्तरिक आप्रवासन, थातथलोबाट विस्थापन भई गम्भीर आर्थिक, सामाजिक र परम्परागत ज्ञान हस्तान्तरण गर्ने अवस्थाबाट वञ्चित भइरहेका छन् ।

कृषि अनुसन्धान परिषद् (नार्क)कै तथ्याङ्कअनुसार नेपालमा रहेका हजारौं स्रोतमध्ये करिब ४० प्रतिशत कृषि जैविक विविधता लोप भइसकेका छन् । जबकि यहाँ २४ हजार ३०० प्रजातिमध्ये २८ प्रतिशत अर्थात् छ हजार ६१८ प्रजाति कृषि आनुवंशिक स्रोत रहेका र जसका करिब एक लाख भूमि-जात रहेको बताउने गरिएको थियो । जानकारहरूका अनुसार नेपालमा करिब ३० हजार रैथाने बाली छन् । नेपालमा करिब एक हजार २६ प्रजातिका बाली, ५१० घाँसे बाली, ३५ घरपालुवा जनावर, २३६ माछा, २५० जलीय अन्य कृषि जनावर, १७ जलीय वनस्पति, तीन हजार ५०० कीरा र ८०० सूक्ष्म जीवाणु रहेका छन् । नेपाल ११ जाति र २९ प्रजातिका खाद्य बालीहरू तथा छ जाति र १२ प्रजातिका वागवानी बालीहरू उत्पत्तिको प्राथमिक केन्द्र मानिन्छ । यसैगरी, यहाँ विभिन्न जङ्गली नातेदार वनस्पतिमध्ये १० जातिका १३ प्रजाति रहेको भन्ने गरिन्छ ।

नेपाल सरकारको राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र (जीन बैङ्क) का सूचना अधिकारी डा मुकुन्द भट्टराई विकासे भनेर विदेशबाट आउने जातहरूले प्राथमिकता पाउँदा नेपालका रैथाने तथा स्थानीय जातहरू ५० प्रतिशतसम्म लोप भइसकेका बताउनुहुन्छ । “अब सरकार, सबै सरोकार भएकाहरू गम्भीर नबनेमा र स्थानीय जातलाई जथाभावी आधुनिक उन्नत जातले विस्थापन गरिरहेमा आगामी दशक करिब २५ प्रतिशत बालीका जङ्गली नातेदार लोभ भई कृषि जैविक विविधता संरक्षणमा चुनौती थपिने छ”, उहाँ भन्नुहुन्छ, “यसर्थ भविष्यको दिगो खाद्य र पोषण सुरक्षाका लागि आनुवंशिक विविधता र बाली प्रजनन प्रणालीमा जोड दिन आवश्यक छ । यसका लागि वर्तमान मौजुदा विविधताको संरक्षण तथा तिनमा अनुसन्धानकर्ता, प्रजननकर्ता र कृषकहरूको पहुँच सुनिश्चित गरिनुपर्दछ ।”

**सङ्कट टार्न बीउ बैङ्क**

दिगो विकास लक्ष्यले सन् २०३० सम्म सबै मानिसहरूलाई वर्षभरि सुरक्षित, पोषिलो र पर्याप्त खाना सुनिश्चित गर्दै भोकमरी अन्त्य गर्ने र कुपोषणका सबै रूपहरूको उन्मूलन गर्ने भनेको छ । यद्यपि, हालसम्मको अवस्था चिन्ताजनक छ । विश्व खाद्य सङ्गठन (एफएओ)को एक ‘रिपोर्ट’अनुसार सन् २०२३ मा अनुमानित रूपमा ७१३ देखि ७५७ मिलियन मानिसहरू (विश्व जनसङ्ख्याको ८.९ देखि ९.४ प्रतिशत) ले भोकको सामना गरेका थिए । यदि यसको मध्यम सीमा (७३३ मिलियन) लाई आधार मान्ने हो भने यो सन् २०१९ को तुलनामा करिब १५२ मिलियनभन्दा बढी मानिसहरू भोकको चपेटामा परेका हुन् ।

नेपालमा ६० प्रतिशतभन्दा बढी जनसङ्ख्या कृषि पेसामा निर्भर छन् तर कृषि उत्पादनमा ह्रास आँदा बर्सेनि अर्बौं रुपैयाँको खाद्यवस्तु निर्यात गर्नु परिरहेको छ । १५औं पञ्चवर्षीय योजनाअनुसार नेपालका २१ प्रतिशत जनसङ्ख्यामा पर्याप्त खाद्यको पहुँच छैन । यस्तो अवस्थामा कृषि आनुवंशिक स्रोतमा भने गम्भीर क्षति पुगेको छ । यसले गर्दा उपयुक्त कृषि जैविक विविधताको अभावमा नेपाललगायत समग्र विश्वले गम्भीर खाद्य सङ्कटको सामना गर्नुपर्ने विज्ञहरूले चेतावनी दिने गरेका छन् । यसलाई एफएओको तथ्याङ्कले समेत पुष्टि गर्छ । उक्त संस्थाका अनुसार गत बीसौं शताब्दीमा मात्रै विश्वको बाली विविधतामा पूर्ति गर्नै नसकिने गरी करिब ७५ प्रतिशतले ह्रास आएको छ । उसले आफ्ना विवरणमा भनेको छ, “विश्व जनसङ्ख्या वृद्धिदर, जलवायु परिवर्तन, भूमिको क्षय र विश्वव्यापी सङ्कट तथा द्वन्द्वको सामना गरिरहेको सन्दर्भमा यी आनुवंशिक स्रोतहरूको विविधता हाल र भविष्यका चुनौतीहरूसँग अनुकूलन गर्नका लागि अत्यन्त आवश्यक बनिरहेको छ ।”

यी विविध कारण हाल विश्व्यापी रूपमै कृषि आनुवंशिक स्रोतको संरक्षणका पहल भइरहेका छन् । यसका लागि दिगो विकासको लक्ष्य नं २ को (५) मा सन् २०२० सम्म बीउ, खेती गरिने बोटबिरुवा, फार्म एवं पशुपालन र तिनका जङ्गली प्रजातिहरुको संरक्षणलाई प्राथमिकता दिई विभिन्न बीउ, बिरुवा एवं लोपोन्मुख पशुहरूको डिएनए बैङ्क र सामुदायिक बीउ बैङ्कको विस्तार गर्न लक्ष्य निर्धारण गरिएको थियो ।

नेपाल सरकारले सो लक्ष्य, जैविक विविधता महासन्धि, खाद्य र कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतहरूसम्बन्धी अन्तरराष्ट्रिय सन्धिअनुसारका गतिविधि अगाडि बढाइरहेको छ । कृषि जैविक विविधता नीति २०६३ अनुसार राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र (जिन बैङ्क) स्थापना गरिएको छ । त्यसै आधारमा सामुदायिक बीउ बैङ्क कार्यक्रम कार्यान्वयन निर्देशिका २०६५ र सामुदायिक बीउ बैङ्क स्थापना कार्यान्वयन कार्यविधि २०७२ ल्याई यसको कार्यान्वयन अघि बढाइसकेको छ ।

विक्रम संवत् २०६७ असोज २१ गते स्थापित जिन बैङ्कले कृषि आनुवंशिक स्रोतको सदुपयोग र प्रवर्द्धनका लागि खोज, अनुसन्धान, सङ्कलन र संरक्षणको काम गरिरहेको केन्द्र प्रमुख डा बालकृष्ण जोशीले बताउनुभयो । खाद्य तथा पोषण सुरक्षा, जीवनस्तर र आर्थिक समृद्धिका निम्ति सम्पूर्ण कृषि आनुवंशिक स्रोतहरुको संरक्षण तथा उपयोगको मिसनसहित बैङ्कले आनुवंशिक स्रोतहरुको मूल्याङ्कन गरी गुण-विशेषका आनुवंशिक चिह्नहरु पत्ता लगाउनाका साथै पूर्वप्रजननद्वारा उन्नत तथा उपयुक्त जात छनोट गर्ने र प्रजननकर्ता तथा कृषकहरुलाई उपलब्ध गराउने गरेको उहाँको भनाइ छ ।

“विभिन्न कारणले कृषि जैविक विविधतामा एकपछि अर्को सङ्कट निम्ति रहेको छ । जलवायु परिवर्तनको प्रत्यक्ष मारमा हाम्रा रैथाने स्रोत र परम्परागत कृषि स्रोतहरू परिरहेका छन् । तिनको संरक्षणका लागि हामीले काम विभिन्न विधिमार्फत काम गरिरहेका छौं”, डा शर्माले भन्नुभयो, “जिन बैंकमा संरक्षित आनुवंशिक स्रोतहरू तत्काल र भावी प्रयोग, दिगो विकास र प्रजनन कृषि उत्पादनका लागि प्रत्यक्ष प्रयोग, पर्याप्रणालीमा विविधताको संरक्षण, वैज्ञानिक परीक्षण तथा पूर्वबाली प्रजननका लागि प्रयोग हुन्छन् ।”

यसका लागि नेपालमा केन्द्रमा जीन बैङ्क र त्यसअन्तर्गत फिल्ड जिन बैङ्क, तन्तु प्रविधि प्रयोगशाला तथा तन्तु बैङ्क, मल्टिकुलर प्रयोगशाला तथा डिएनए बैङ्क छन्भने स्थानीय किसानसँगको सहकार्यमा देशका विभिन्न स्थानमा ७५ वटा जति सामुदायिक बीउ बैङ्कहरू छन् । विभिन्न प्रकारका यी बैङ्कहरूमा नेपालका करिब ३०० प्रजातिका २० हजारभन्दा बढी कृषि आनुवंशिक स्रोत संरक्षण गरिएका छन् । त्यसबाहेक विश्वका विभिन्न २५ देशका अन्तरराष्ट्रिय बैङ्कमा २५ हजार २ ९७ नेपालका रैथाने आनुवंशिक स्रोत (बाल तथा वागवानी र सूक्ष्म जीवाणुलगायत) सुरक्षित राखिएको केन्द्र प्रमुख डा शर्माले जानकारी दिनुभयो ।

यस बैङ्कमा एक लाख सङ्कलन रोख्ने क्षमताको ५०–१०० वर्षसम्म बीउ संरक्षण गर्ने दीर्घकालीन, ५० हजार क्षमताको १०–१५ वर्षसम्म संरक्षण गर्नसक्ने मध्यमकालीन र प्राकृतिक तापक्रम तथा आद्रतामा अल्पकालीन मौसमी भण्डारण कक्ष रहेका छन् । यहाँ संस्था र व्यक्तिले पनि निःशुल्क रूपमा आफ्ना बीउ राख्नसक्ने ‘लकर’ सुविधा रहेको छ ।

**अब गर्नुपर्ने काम**

जिन बैङ्क प्रमुख डा शर्माका अनुसार कृषि जैविक विविधताको कुरा गर्दा बाली, पशुपन्छी, घाँसेबाली, कृषि–कीरा, कृषि–सूक्ष्म जीवाणु, जलीय कृषि आनुवंशिक स्रोत गरी छवटा सम्भागलाई नै ध्यान दिनुपर्छ । जिन बैङ्कले यी छवटै सम्भागलाई हेरेर एक सय एक असल अभ्यास भनेर काम गरिरहेको छ । सरकारले कृषि दशकसमेत घोषणा गरेको अवस्थामा अब सरोकार भएकाहरूले रैथाने कृषि स्रोतले खान पुग्दैन भन्ने भाष्य बदल्दै आयातितभन्दा हाम्रै माटो, भूगोल र हावापानी चिनेको स्रोतमा सम्भावना छ भनेर आशा जगाउनुपर्ने डा शर्माको भनाइ छ ।

“यसमा पनि कृषि र गैरकृषि स्रोतहरू छन्, हालसम्म गैरकृषि स्रोतमा बजेट, तोकिएको जनशक्ति, संरक्षण क्षेत्र, निकुञ्जलगायतको पर्याप्त व्यवस्था गरिएको छ । कृषि स्रोतमा भने न बजेट, न शिक्षा, न त मौलिक ज्ञानलाई प्रोत्साहन नीति छ”, उहाँ भन्नुहुन्छ, “त्यसैकारण किसान र कृषि क्षेत्र समस्यामा छ । किसानका ग्राहक धेरै हुनुपर्नेमा किसानलाई धेरै ठाउँमा ग्राहक बन्ने उल्टो बाटो बनेको छ । पसलमा बेचेर करोडपति बन्ने तर किसानका उत्पादन नै नबिकेर थप दुःखी बन्ने अवस्था छ, यसलाई सुधार्ने गरी काम गर्नुपर्छ ।”

त्यसका लागि डा शर्मा तीन वटा काम गर्नुपर्ने आवश्यकता औंल्याउनुहुन्छ । पहिलो, सरकारले स्थानीय र रैथाने कृषिउपजको पहिचान गरी त्यस्ता स्रोतलाई बिनाकर स्वतः किनबेचको व्यवस्था गर्ने । दोस्रो, किसानको घरघरलाई पसलका रूपमा विकास गर्ने नीति बनाउने र कृषिमार्टहरूमा ६०/७० प्रतिशत रैथाने स्रोत हुनुपर्ने मापदण्ड बनाएर लागू गर्ने र रैथाने स्रोतमा अनुसन्धान, त्यसको प्रयोग र विस्तारका लागि लगानी बढाउने तथा शिक्षामा जोड दिने । तेस्रो, देशमा कम्तीमा तीनवटा कृषि राष्ट्रिय निकुञ्ज स्थापना र रैथाने कृषि प्रवर्द्धनका लागि कृषि राष्ट्रिय गौरवका आयोजना सञ्चालन गर्ने ।

यस्तै, नेपालमा हाल ७५ वटा सामुदायिक जिन बैङ्क स्थापित छन्, तीमध्ये करिब ५५ वटा क्रियाशील छन् । गाउँघरमा पाइने स्थानीय जातहरूको संरक्षण तथा कृषकको सहज पहुँच पुग्ने गरी समुदायका किसानहरू नै मिलेर यस्तो अभ्यास गर्ने गरिएको छ । यिनले आफ्नो क्षेत्रमा पाइने बाली, घाँसेबाली, जलीय कृषि वस्तु, पशुपक्षी, किरा, सूक्ष्म जीवाणुको आणुवंशिक विविधता संरक्षण तथा उपयोगमा योगदान गरिरहेका छन् । यी बैङ्कलाई थप व्यवस्थित गर्दै स्थानीय स्रोत, सीप र ज्ञानको सदुपयोग गर्नुपर्ने आवश्यकता रहेको सामुदायिक बीउ बैङ्क सङ्घ नेपालका अध्यक्ष पार्वती भण्डारीको भनाइ छ ।

# यही जेठ १५ गतेको आन्दोलन शान्तिपूर्ण र संयमित हुनेछः राप्रपा

काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सहितका तीन राजनीतिक दलले यही जेठ १५ गते हुने आन्दोलन शान्तिपूर्ण र संयमित हुने जनाएको छ ।



राप्रपा, राप्रपा नेपाल र राष्ट्रिय शक्ति अभियानद्वारा मंगलबार यहाँ आयोजित पत्रकार भेटघाटमा राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्गदेनले आन्दोलन भद्र अवज्ञा प्रकृतिको हुने भएकाले आग्रह प्रर्वाग्रह नराखी स्वतन्त्र अनुगमनका लागि सञ्चारजगत्सँग आग्रह गर्नुभयो ।

उहाँले भन्नुभयो, "तीन पार्टीको घोषित उपत्यकाव्यापी आन्दोलन संविधान विरोधी नभई संविधानले दिएको सुविधाभित्रै रहेर शान्तिपूर्ण ढङ्गबाट हुनेछ ।"

राप्रपा नेपालका अध्यक्ष कमल थापाले पार्टीले अवलम्बन गरेका 'एजेन्डा' स्थापित गर्ने क्रममा हुन गइरहेको आन्दोलन शान्तिपूर्ण हुने बताउनुभयो । उहाँले भन्नुभयो, "शान्तिपूर्ण आन्दोलनमा जनताको सहभागिताले राप्रपाको एजेन्डा स्थापित गर्न अन्य राजनीतिक दल र सरकारसँग वार्ताको वातावरण बनाउने छ ।"

राष्ट्रिय शक्ति अभियानका संयोजक केशरबहादुर विष्टले देशमा राजनीतिक स्थिरता र शान्ति सुव्यवस्थालाई सहज तुल्याउन आफूहरुले लामो समयदेखि उठाउँदै आएको मागलाई जनदबाब सिर्जना गरी सम्बोधन गर्न आह्वान गरिएको आन्दोलनलाई सहयोग पुऱ्याउन सबैसँग अनुरोध गर्नुभयो ।

आन्दोनल परिचालन समितिका संयोजक नवराज सुवेदीले यही जेठ १५ गतेको आन्दोलन शान्तिपूर्ण, अंहिसात्मक र सत्याग्रहमा आधारित हुने विश्वास दिलाउनुभयो । उहाँले आन्दोलनलाई शान्तिपूर्ण तुल्याउन करिब दुई हजारको संख्यामा स्वयंसेवक परिचालन गरिने जानकारी दिनुभयो ।रासस

# प्रधानमन्त्रीसमक्ष राष्ट्रिय सतर्कता केन्द्रको वार्षिक प्रतिवेदन पेस

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष राष्ट्रिय सतर्कता केन्द्रले मंगलबार आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन पेस गरेको छ ।प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा आयोजित कार्यक्रममा केन्द्रका सचिव सरजुकुमार वैद्यले प्रधानमन्त्री ओलीसमक्ष सो प्रतिवेदन पेस गर्नुभएको हो ।

सो अवसरमा प्रधानमन्त्री ओलीले सुशासन र विकासको मुख्य कार्यभार लिएर वर्तमान सरकार बनेकाले सोही बमोजिम प्रभावकारी ढङ्गबाट कामकाज गर्न निर्देशन दिनुभयो । उहाँले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहतमा रहेकाले नियमित 'रिपोर्टिङ' गर्ने र निर्देशन पालना गर्ने सवालमा केन्द्र अझ सक्रिय हुनुपर्नेमा जोड दिँदै विकास र सुशासनको वाधक भ्रष्टाचार भएकाले यसको नियन्त्रणका लागि सम्बद्ध सबै पक्षले इमानदारीपूर्वक तोकिएको जिम्मेवारी पूरा गर्नुपर्ने बताउनुभयो ।

प्रतिवेदनमा १६औँ योजनाको लक्ष्यअनुसार भ्रष्टाचार अन्त्य र सुशासन कायमका लागि केन्द्रले सार्वजनिक निकायबाट प्रदान हुने सेवा प्रवाह प्रभावकारी तुल्याउन नियमन र अनुगमन, छड्के जाँचलगायतका काम गर्दै आएको उल्लेख छ ।

अनुगमनका क्रममा कुनै अनियमितता भेटिएमा केन्द्रले कारबाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाउने गर्दछ ।कार्यक्रममा नेपाल सरकारका मुख्यसचिव एकनारायण अर्यालसहित उच्चाधिकारीहरु सहभागी हुनुहुन्थ्यो ।रासस

# 'गणतन्त्र उत्सव कसैको विरोध लक्षित हैन'

काठमाण्डु । नेकपा (एमाले) महासचिव शङ्कर पोखरेलले आफ्नो पार्टीले यही जेठ १५ गते मनाउन लागिएको गणतन्त्र उत्सव कसैको विरोध लक्षित नभएको बताउनुभएको छ ।



ललितपुर, च्यासलस्थित एमाले केन्द्रीय कार्यालयमा मंगलबार आयोजित पार्टीका विभागका सदस्यहरुको विस्तारित भेलालाई सम्बोधन गर्दै उहाँले गणतन्त्र नेपाली जनताको सबैभन्दा ठूलो उत्सव भएकाले जनताको विजयका रुपमा मनाउन लागेको जानकारी दिनुभयो । "जनताको बलिदानी सङ्घर्षबाट प्राप्त लोकतन्त्र, गणतन्त्र जोगाउन जनताले यो दिन हाम्रो दिन हो भन्ने अनुभूति दिलाउन पनि एमालेले उत्सवका रुपमा झाँकीसहित मनाउन लागेको हो", उहाँले भन्नुभयो ।

महासचिव पोखरेलले गणतन्त्र-लोकतन्त्रको बारेमा विद्यालय तहको पाठ्यक्रममा राख्न आवश्यक रहेको बताउनुभयो । उहाँले गणतन्त्रपछि जन्मिएका युवाले बलिदानीपूर्ण सङ्घर्षबाट लोकतन्त्र-गणतन्त्र स्थापना भएको हो भन्ने जानकारी दिन पनि विद्यालय शिक्षामै लोकतन्त्र र गणतन्त्रबारे पढाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

राष्ट्रिय स्वाधीनता र रक्षाका लागि सबैभन्दा लड्ने पार्टी एमाले भएका कारणसबैभन्दा बढी प्रहार एमालेमाथि नियोजित ढङ्गले भइरहेको उहाँको भनाइ छ ।रासस

# प्रधानमन्त्रीबाट मौसम पूर्वानुमान प्रणालीबारे जानकारी



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले आशन्न मनसुनको पूर्वानुमान र सम्भावित विपद् जोखिम न्यूनीकरणका विषयमा मंगलबार बबरमहलस्थित जल तथा मौसम विज्ञान विभाग पुगेर जानकारी लिनुभएको छ ।

यस वर्ष गत वर्षको भन्दा बढी वर्षा हुनसक्ने पूर्वानुमान गरिएको अवस्थामा विभागको पूर्वानुमान/सूचना प्रवाह र यसलाई थप प्रभावकारी बनाइ जनधनको क्षति कसरी रोक्न सकिन्छ भन्नेबारेमा उहाँले चासो लिनुभएको हो ।

विभागको अध्ययन र प्रस्तुति सुनेपछि प्रधानमन्त्री ओलीले पूर्वानुमान र सूचना प्रवाहलाई लक्षित क्षेत्रका जनताले बुझ्ने गरी सरल भाषामा प्रभावकारी रूपमा सम्प्रेषण गर्न निर्देशन दिनुभयो । विभागका सबै स्टेशन चुस्तदुरुस्त अवस्थामा राख्न र अतिवृष्टि हुने खास क्षेत्रबारे स्थानीय तह, सुरक्षा निकाय र आमसञ्चारका माध्यमबाट समेत सुसूचित गरेर मानवीय र भौतिक क्षति हुन नदिनेतर्फ सचेत रहन उहाँले आग्रह गर्नुभयो ।

विभागका महानिर्देशक कमलराम जोशीले यस वर्ष यही जेठ १८ गतेदेखि आगामी असोज १४ सम्म मनसुन अवधि हुने जानकारी दिँदै गण्डकी तथा लुम्बिनी प्रदेशको उत्तरी भाग र कर्णाली प्रदेशको पूर्वी भागमा सरदरभन्दा बढी वर्षा हुने जानकारी गराउनुभयो । विभागको कार्यालयमा स्थलगत रूपमा यसरी पहिलो पटक प्रधानमन्त्री तहबाट अवलोकन र अनुगमन भएकामा खुसी व्यक्त गर्दै उहाँले आफूहरूले उपलब्ध प्रविधि र स्रोतसाधनको अधिकतम प्रयोग गरी पूर्वानुमानलाई प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

अवलोकनका क्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, राज्यमन्त्री खमबहादुर गर्बुजालगायत सम्बन्धित उच्च अधिकारी सहभागी हुनुहुन्थ्यो ।रासस

# 'जलवायु चेतना प्रभावकारी बनाउन एकीकृत प्रयास आवश्यक'

काठमाण्डु । नेपाली कांग्रेसका नेता डा मीनेन्द्र रिजालले पछिल्लो समय जलवायु परिवर्तनसम्बन्धी चेतना जनस्तरसम्म बढ्दै गएको उल्लेख गर्दै यसलाई प्रभावकारी बनाउन एकीकृत प्रयासको आवश्यकता औँल्याउनुभएको छ ।



नेपाल प्रेस युनियनले स्थापना दिवसका अवसरमा मंगलबार आयोजना गरेको 'लोकतन्त्र, प्रेस स्वतन्त्रता र जलवायु सङ्कटमा प्रेस भूमिका' कार्यक्रममा उहाँले जलवायु चेतना सम्बन्धमा सरकारसँगै सरोकारवाला सबैको भूमिका एकीकृत रूपमा अघि बढ्नुपर्ने धारणा व्यक्त गर्नुभयो । उहाँले कार्बन उत्सर्जनमा नेपालको नगण्य भूमिका रहे पनि जलवायुको असरबाट बढी प्रभावित हुनु परेको समेत बताउनुभयो ।

पूर्वसञ्चारमन्त्री समेत रहनुभएका डा रिजालले भन्नुभयो, "नेपालले पछिल्लो समय बेमौसमी वर्षाका कारण जलवायु विपद्का ठूलो क्षति ब्यहोर्नु परेको छ । यसमा क्षतिपूर्ति र दाबीका लागि अन्तरराष्ट्रिय पहल र पैरबी आवश्यक छ ।"

फरक प्रसङ्गमा उहाँले पछिल्लो समय सामाजिक सञ्जालको व्यापक प्रयोग बढेसँगै देखिएका चुनौती सामना गर्न सबै पक्षसँगै मिडियाको पनि महत्वपूर्ण भूमिका रहेको बताउनुभयो ।कार्यक्रममा प्रतिनिधिसभाका सदस्य उदयशम्शेर राणाले नेपालले जलवायुजन्य क्षतिपूर्तिका लागि जलवायु वित्तमा पहुँच पुर्याउन आवश्यक रहेको उल्लेख गर्नुभयो । साथै उहाँले सामाजिक सञ्जालमा देखिएका विकृति समाधानका लागि मिडियाका भूमिकाबारे प्रकाश पार्नुभयो ।

प्रतिनिधिसभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका सभापति कुसुमदेवी थापाले जलवायु परिवर्तन विश्वको जल्दोबल्दो विषय भएको उल्लेख गर्दै यसमा मिडियाको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्नुभयो । उहाँले मिडियामा देखिएका विकृति समाधानका लागि प्रेस युनियन जस्ता संस्थाको भूमिका महत्वपूर्ण हुने धारणा व्यक्त गर्नुभयो ।

नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष वरिष्ठ पत्रकार हरिहर विरहीले पछिल्लो समय केही व्यक्तिका विकृति देखाएर सिङ्गो राजनीतिक व्यवस्थालाई नै बदनाम गराउने काम भइरहेको बताउनुभयो। उहाँले यस्तो अवस्थामा भ्रम चिरेर यथार्थ देखाउनका लागि प्रेसको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्नुभयो ।

कार्यक्रममा प्रेस युनियनका अध्यक्ष शिव लम्साल, पूर्वअध्यक्षहरु रमेश तूफान, कुलचन्द्र वाग्ले, समीरजङ्ग शाह, बद्री सिग्देल, युनियनका उपाध्यक्ष नकुल अर्याल, पत्रकार महासङ्घका उपाध्यक्ष उमिद वागचन्द र नेपाल विद्यार्थी सङ्घका केन्द्रीय सदस्य प्रेमिका रानाले लोकतन्त्र र प्रेस स्वतन्त्रताका लागि युनियनले खेल्दै आएको भूमिकाबारे चर्चा गर्नुभएको थियो ।रासस


## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. को २१ दिने सूचना

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने ब्यक्तिहरुलाई समेत यसै सूचनाद्धारा कर्जा बुझाउन जानकारी गराईएको छ ।

**सम्बन्धित कार्यालयको नाम : कृषि विकास बैंक लि. शाखा बरहथवा, सर्लाही ।**

| क्र. स. | ग्राहकको नाम थर | कर्जा मिसिल नं. | ठेगाना | बाबु/ पतिको नाम | बाजे/ ससुराको नाम | उद्देश्य | जम्मा सांवा रकम (रु.) | २०८२।०२।१० सम्मको ब्याज रकम (रु.) | जम्मा तिर्नुपर्ने रकम(रु.) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | राम देब चमार | ९२५९ | राजघाट-३, सर्लाही | प्रसाद महरा | अनाथ महरा | सरलकृषि कर्जा | ८००,०००।०० | ५७,१०२।०३ | ८५७,१०२।०३ |
| २ | नबिन्द्र कुमार | ८५०९ | बरहथवा-१, सर्लाही | माधो साह कलवार | बिलट साह | सरलकृषि कर्जा | ५००,०००।०० | ८१,९१०।९५ | ५८१,९१०।९५ |
| ३ | विजय कुमार साह | ८८४३ | बसबरिया-१, सर्लाही | बन्तीलाल साह | नेवालाल साह | सरलकृषि कर्जा | ५००,०००।०० | ३१,०७८।९८ | ५३१,०७८।९८ |
| ४ | अच्छेलाल राय यादव | ९६७६ | बसबरिया-३, सर्लाही | अनुठा राय यादव | भगवान राय | सरलकृषि कर्जा | २८७,५०१।०८ | ५,०१२।६८ | २९२,५१३।७६ |
| ५ | गणेश कुमार यादव | ९१३८ | रामनगर-६, सर्लाही | धुपा राय यादव | मगर राय | कृषि उत्पादन कर्जा | २२५,०००।०० | १५,८४४।८० | २४०,८४४।८० |
| ६ | संदे एण्ड स.स. मल्टिपर्पोज प्रा.लि. (सं. संजय कुमार पाचे) | ९५२९ | बरहथवा-७, सर्लाही | सिताराम पाचे मगर | लिल बहादुर पाचे मगर | हायरपर्चेज कर्जा (स्थीर) | २,०५९,९६१।२० | १५४,७२१।७० | २,२१४,६८२।९० |
|  |  |  |  |  |  | सहुलियत कर्जा (स्थीर) | ३,४३८,०००।०० | ३५२,१५७।५२ | ३,७९०,१५७।५२ |
|  |  |  |  |  |  | सहुलियत कजा (चालु) | ५,०००,०००।०० | ३४५,९५०।६८ | ५,३४५,९५०।६८ |
| ७ | प्रगतिशिल कृषि बहुउद्येशीय कम्पनी प्रा.लि. (सं.- सुरेश कार्की/मुकेश कुमार कार्की) | ९५६२ | हजारिया - ८, सर्लाही | सिता राम कार्की | बृज बहादुर कार्की | ब्यापार कर्जा | ३,९९२,०२२।०२ | १४५,२००।२४ | ४,१३७,२२२।२६ |
| ८ | रंजु कुमारी यादव | ९८३६ | कबिलासी-४, सर्लाही | श्याम राय/बृज नन्दन राय | राम अधार राय | घरायसी कर्जा | ७००,०००।०० | ७३,२२३।०५ | ७७३,२२३।०५ |
| ९ | अम्भू राम चमार | ३५८५ | राजघाट-३, सर्लाही | बासदेव चमार | बासुदेब चमार | घरायसी कर्जा | ३००,०००।०० | २६,५३६।४५ | ३२६,५३६।४५ |
| १० | रुद्र बहादुर श्रेष्ठ | ९७६८ | बागमती-०८, सर्लाही | बुधनारायण श्रेष्ठ | सत्य नारायण श्रेष्ठ | सरलकृषि कर्जा | ९२७,५००।०० | ७८,९५०।१५ | १,००६,४५०।१५ |

**सम्बन्धित कार्यालयको नाम : कृषि विकास बैंक लि., हरिवन शाखा, सर्लाही ।**

| क्र. सं. | कर्जा ग्राहकको नाम | मिसिल नं. | ठेगाना | ग्राहकको पिता/पतिको नाम | बाजे/ ससुराको नाम | उद्देश्य | साँवा रकम रु. | २०८२।०१ मसान्त सम्मको व्याज तथा अन्य | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | माया किराना पसल (प्रो. माया कुमारी लो) | १९५ | हरिवन-४ | जमान सिं लो | जुमान सिं लो | व्यापार कर्जा | ५,००,०००।- | २६,८९४।- | ५,२६,८९४।- |

कृषि विकास बैंक लि.
प्रदेश कार्यालय बीरगंज



## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८२/०२/१४ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय जनकपुर, धनुषाबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति**: २०८२/०२/२८ गते/स्थान : शाखा कार्यालय जनकपुर, धनुषा

**बोलपत्र खोलिने मिति/समय**: २०८२/०२/३० गते, शुक्रबार दिनको १ बजे

| क्र.सं. | ऋणीको नाम, ठेगाना |
|---|---|
| १. | **नाम : श्री लालीगुराँस इङ्गलिस वोर्डीङ्ग स्कुल धनुसा प्रा.लि.**<br>नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय<br>दर्ता नं. १२६४९९/०७१/०७२, दर्ता मिति : २०७१/०५/२६, पान नं. ६०२४१५९७२, दर्ता मिति : २०७१/०९/२८<br>ठेगाना : धनुषा जिल्ला, सिनुरजोडा वडा नं. ८ |

**ऋणी तथा जमानतकर्ताको विवरण**

**नाम : राजिव कुमार यादव**
ना.प्र.नं. १७१०८५/३२१, जि.प्र.का. धनुषा, जारी मिति : २०६७/०६/१९
बाबुको नाम : राम बहादुर यादव, बाजेको नाम : रघुनाथ यादव
ठेगाना : धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. ६

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : रामविर यादव**<br>ना.प्र.नं. ८८२१२१७२, जि.प्र.का. धनुषा<br>जारी मिति : २०४४/११/०४<br>बाबुको नाम : रघुनाथ यादव<br>बाजेको नाम : लखन यादव<br>ठेगाना : धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. ६ | **२. नाम : जानकि कुमारी देवी**<br>ना.प्र.नं. ८८२१२१७३, जि.प्र.का. धनुषा<br>जारी मिति : २०४४/११/०४<br>पतिको नाम : राम बहादुर यादव<br>ससुराको नाम : रघुनाथ यादव<br>ठेगाना : धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. ६ |
| **३. नाम : संजय कुमार यादव**<br>ना.प्र.नं. ८८२१३०१५, जि.प्र.का. धनुषा<br>जारी मिति : २०५५/०४/१७<br>बाबुको नाम : विश्वनाथ यादव<br>बाजेको नाम : मुखि यादव<br>ठेगाना : धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. ६<br>हाल : धनुषा जिल्ला, लक्ष्मिनिया वडा नं. ३ | **४. नाम : राम बहादुर यादव**<br>ना.प्र.नं. ८८२१२०८० जि.प्र.का. धनुषा<br>जारी मिति : २०४२/०९/२३<br>बाबुको नाम : रघुनाथ यादव<br>बाजेको नाम : लखन यादव<br>ठेगाना : धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. ६ |

**धितोको विवरण**

१. राम बहादुर यादवको नाममा मालपोत कार्यालय जनकपुरमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ४७६ को क्षेत्रफल ०-०-७-० विगाहा र धनुषा जिल्ला, अजगेवा हरीनमरी वडा नं. ८ स्थित कित्ता नं. १२९ को क्षेत्रफल ०-२-५-० विगाहा भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. जानकी कुमारी देवीको नाममा मालपोत कार्यालय जनकपुरमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ३३६ र ३८९ को क्षेत्रफल क्रमश: ०-०-१९ र ०-०-९ विगाहा भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३. रामविर यादवको नाममा मालपोत कार्यालय जनकपुरमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ४९४ को क्षेत्रफल ०-१-१ विगाहा भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
४. धनी ज्योति विकास बैंक भई ऋणी राजिव कुमार यादवको नाममा यातायात व्यवस्था कार्यालय बागमतीमा दर्ता श्रेष्ता कायम रहेको बा २० च ९२२७, TOYOTA ETIOS CROSS V 1.5L को च्यासिस नं. MBSM29BTX02058377-0618, इन्जिन नं. 2NRD161862 रहेको NGK12R-AHMUKX सवारी साधन १ थान ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : जनकपुर, धनुषा, फोन नं. ०४१-५९०६२५
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# सर्वेक्षणमा दक्षिण कोरियाको राष्ट्रपतीय निर्वाचनमा विपक्षी नेता ली अगाडि

**एएफपी**

सियोल । निर्वाचन हुन एक हप्ताभन्दा कम समय बाँकी रहँदा मङ्गलबार जारी गरिएको ग्यालप सर्वेक्षणले दक्षिण कोरियाका विपक्षी नेता ली जे-म्युङ देशको अर्को राष्ट्रपति बन्ने दौडमा स्पष्ट अग्रस्थानमा रहको देखाएको छ ।

दक्षिण कोरियालीहरूले जुन ३ मा मतदान गर्नेछन् । निर्वाचनले पूर्व नेता युन सुक योलले डिसेम्बरमा नागरिक शासन निलम्बन गर्ने असफल प्रयासले सुरु गरेको महिनौंको राजनीतिक उथलपुथललाई टुङ्ग्याउनेछ।ग्यालपलेडेमोक्रेटिकपार्टीकानेता लीलाई स्पष्ट अग्रस्थानमा राखेको छ । ४९ प्रतिशत उत्तरदाताले उहाँलाई सर्वोत्तम उम्मेदवारका रूपमा हेरेको बताएका छन् ।

सत्तारुढ पिपुल पावर पार्टीका पूर्व श्रममन्त्री किम मुन-सू ३५ प्रतिशत मतका साथ पछाडि हुनुहुन्छ ।दक्षिण कोरियाली युवाहरूलाई लक्षित गरेर चुनावी अभियान चलाइरहेको रिफर्म पार्टीका ली जुन-सिओक ११ प्रतिशत मतसहित तेस्रो स्थानमा हुनुहुन्छ ।ग्यालप कोरियाद्वारा फोनमार्फत सञ्चालित यो सर्वेक्षणले सप्ताहन्तमा एक हजार चार उत्तरदाताको सर्वेक्षण गरेको थियो, जसमा तीन दशमलव एक प्रतिशत अङ्कको त्रुटि सीमा रहेको बताइएको छ ।

सर्वेक्षणले राजधानी सियोल, इन्चियन र ग्योङ्गीका सबैभन्दा बढी जनसङ्ख्या भएका क्षेत्रहरू सुरक्षित गर्दै डेमोक्रेटिक पार्टीका



नेताले लगभग सम्पूर्ण देशमा सहजै जित हासिल गर्ने सुझाव दिएको छ ।तेस्रो स्थानमा रहेका ली जुन-सिओकले वामपन्थी ली जे-म्युङलाई जित्नबाट रोक्नका लागि आफ्नो राष्ट्रपतीय उम्मेदवारी त्याग्न कन्जरभेटिभहरूको बढ्दो दबाबको सामना गर्नु परेको छ ।तर निर्वाचनको दिन मतपत्रमा आफ्नो नाम 'स्पष्ट रूपमा देखिने' भएको घोषणा गर्दै ४० वर्षीय उहाँ दृढ हुनुहुन्छ ।

मङ्गलबारको सर्वेक्षणले ली जे-म्युङले एकीकृत कन्जर्भेटिभ उम्मेद्वारको सामना गरे पनि जित्ने सङ्केत गरेको छ । सर्वेक्षणमा सहभागी करिब पाँच प्रतिशतले आफूसँग कुनै प्राथमिकता नभएको वा सबैभन्दा राम्रो उम्मेदवार को हुनेछ भन्ने थाहा नभएको बताएका छन् ।

यो सर्वेक्षण अर्को सप्ताहको मतदानअघि जारी गरिने अन्तिम सर्वेक्षणहरूमध्ये एक हो, किनभने त्यसपछि सर्वेक्षण प्रकाशन गर्न प्रतिबन्ध छ ।

कन्जरभेटिभ उम्मेद्वार किमले युनको मार्सल कानूनको पराजयपछि जनताको ध्यान खिच्नुभएको थियो, जब उहाँले नागरिक शासनको निलम्बन रोक्न असफल भएकोमा जनतासँग माफी माग्न अस्वीकार गर्नुभयो ।

हप्तौंसम्म ली जे-म्युङभन्दा पछि परेपछि उहाँ बिस्तारै नजिक आइरहनुभएको छ ।नेक्स्ट रिसर्चले सोमबार जारी गरेको एक सर्वेक्षणले दुई उम्मेद्वारबीचको अन्तर राष्ट्रव्यापी नौ प्रतिशत विन्दुमा सङ्कुचित भएको र सियोलमा मात्र तीन दशमलव दुई अङ्कमा झरेको देखाएको छ ।ली सन् २०२२ को राष्ट्रपति चुनावमा युनसँग देशको इतिहासमा कुनै पनि मतको सबैभन्दा सानो अन्तरले पराजित हुनुभएको थियो ।

## युु-१६ सुदूरपश्चिम छनोटः
# कैलालीको लगातार दोस्रो जित

बैतडी । एसिसी मेन्स यु-१६ इस्ट जोन कप-२०२५ को सुदूरपश्चिम छनोटमा कैलालीले लगातार दोस्रो जित निकालेको छ । पहिलो खेलमा अछाममाथि ७१ रनको जित निकालेको कैलालीले सोमबार दोस्रो खेलमा दार्चुलालाई ९४ रनले पराजित गरेको हो ।

कैलालीले दिएको एक सय ३१ रनको लक्ष्य पछ्याएको दार्चुला १६ दशमलव तीन ओभरमा ३६ रनमा अलआउट हार हो । यो हारले दार्चुला बाहिरिएको छ । कैलालीले भने फाइनलका लागि दाबी पेस गरेको छ ।

यसैबीच सोमबार हुने भनिएको अछाम र कञ्चनपुरबीचको खेल वर्षाका कारण रद्द भएको छ । खेल रद्द भएपछि दुवै टोलीले अङ्क बाँडेका छन् । मंगलबार भएको कैलाली र कञ्चनपुरबीचको खेलले फाइनलमा पुग्ने टोलीको टुङ्गो लाग्ने छ ।



भयो । दार्चुलाका कुनै पनि ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । कैलालीका रुद्रप्रसाद आचार्य पाँच विकेट लिँदै प्लेयर अफ द म्याच चुनिएका स्कोरर नुरेन अन्सारीले बताएका छन् ।

यसअघि पहिला ब्याटिङ गरेको कैलालीले निर्धारित २० ओभरमा छ विकेटको क्षतिमा एक सय ३० रन बनायो । जसमा अविरल विकले अर्धशतकीय पारी खेल्दै ५३ रनमा नटआउट रहे । दार्चुलाका रोशन मिश्र र पुरषोत्तम रावलले दुई-दुई विकेट हात पारे । दार्चुलाको यो दोस्रो

सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घको आयोजना जेठ ८ देखि सुरु भएको प्रतियोगितामा नेपाल क्रिकेट सङ्घमा आबद्ध सुदूरपश्चिमका आठ जिल्लाको सहभागिता छ । छनोट प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई प्रदेशको टोलीमा समावेश गरिने सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घका प्रशिक्षक दीपेन्द्रबहादुर चन्दले जनाएका छन् ।

एसियन क्रिकेट काउन्सिलको कार्यक्रमअनुसार नेपाल क्रिकेट सङ्घले एसिसी मेन्स यु-१६ इस्ट जोन कपको छनोटका लागि यही महिना राष्ट्रिय प्रतियोगिता गर्दैछ ।

# जुडोमा नेपाललाई पाँच स्वर्णसहित १० पदक




काठमाण्डु । बङ्गलादेश क्रिरा सिखा प्रोतिष्ठान (बिकेएसपी) कप आमन्त्रण अन्तरराष्ट्रिय जुडो च्याम्पियनसिपमा नेपाली खेलाडीले पाँच स्वर्णसहित १० पदक जितेका छन् ।

नेपालले थप एक रजत र चार कास्य पनि जित्दै समग्रमा उपविजेता बन्यो । त्यसमा बन्दी सहायता नियोग (पाम)का खेलाडीले सर्वाधिक चार स्वर्ण र एक कास्य जिते । प्रतियोगितामा पामबाट पाँच खेलाडी सहभागी भएकोमा सबैले पदक चुमे । पुरुष ६० केजीमुनि सविनकुमार दियाली र ६६ केजीमुनि विशेष विक तथा महिला ४८ केजीमुनि निशा श्रेष्ठ, ५२ केजीमुनि विनिता नेपाली र ५७ केजीमुनि पेमा याङजी शेर्पाले नेपाललाई स्वर्ण दिलाए ।

पुरुष ४५ केजीमुनि रिवाज लामा तामाङले रजत जिते । पुरुष ५५ केजीमुनि बुद्ध गुरुङ र ७३ केजीमाथि विज्ञान खत्री तथा महिला ४४ केजीमुनि समिता नेपाली र ६३ केजीमुनि रेखा श्रेष्ठले कास्य हात पारे ।प्रतियोगितामा नेपालबाट जम्मा १२ खेलाडी सहभागी थिए । तीमध्ये निशा, विनिता, पेमा, सविन र समिता पामका हुन् ।

प्रशिक्षकमा राधादेवी राई र लक्ष्मी तामाङ रहेका छन् । राधाले प्रतियोगितामा निर्णायकको भूमिका पनि निर्वाह गरेको नेपाल जुडो सङ्घका अध्यक्ष दीपकहर्ष वज्राचार्यले जानकारी दिनुभयो । बङ्गलादेशको बीकेएसपी टोली ६ स्वर्ण, ८ रजत र १० कास्यसाथ टिम च्याम्पियन बन्यो । रासस

## म्याराडोनाको मृत्यु मुद्दा सङ्कटमा

**एएफपी**

सान इसिड्रो ।महान् फुटबल खेलाडी डिएगो म्याराडोनाको मृत्युमा आरोपित सात अर्जेन्टिनी स्वास्थ्यकर्मीको मुद्दा सुरु भएको दुई महिनाभन्दा बढी समयपछि न्यायाधीशको निष्पक्षताबारे प्रश्न उठेपछि मुद्दा सङ्कटमा परेको छ ।बचाव पक्षका वकिलहरूले न्यायाधीशको मुद्दासँग सम्बन्धित डकुमेन्ट्रीमा संलग्नताले उनको कर्तव्यको सम्भावित उल्लङ्घन, प्रभाव पार्ने काम र घुसखोरी समेत हुनसक्ने भनेपछि गत सप्ता मुद्दाको सुनुवाइ स्थगित गरिएको थियो ।

मुद्दाको अध्यक्षता गर्ने तीन न्यायाधीशमध्ये एक जुलिएटा माकिन्टाचको सम्भावित निष्कासनले कार्यवाहीलाई रद्द गर्ने जोखिम छ ।कोकेन र मदिराको लतसँग दशकौंसम्म सङ्घर्ष गरेपछि रगत जमेका कारण मस्तिष्कको शल्यक्रियाबाट निको हुँदै घरमा रहँदा ६० वर्षको उमेरमा सन् २०२० नोभेम्बर २५ मा म्याराडोनाको मृत्यु भएको थियो ।शल्यक्रिया गरेको दुई सातापछि हृदयाघात र तीव्र फोक्सोको सूजनका कारण उहाँको मृत्यु भएको थियो र दिउँसो काम गर्ने नर्सले उहाँलाई ओछ्यानमा मृत फेला पारेका थिए ।

म्याराडोनाको चिकित्सक टोलीमाथि ब्युनस आयर्सको उपनगर सान इसिड्रोमा उहाँको निजी घरमा स्वास्थ्य लाभको अवस्थाको सम्बन्धमा मुद्दा चलिरहेको छ ।अभियोजकहरूले अन्तिम दिनहरूमा फुटबल आइकनको हेरचाहलाई गम्भीर लापरवाहीका रूपमा वर्णन गरेका छन् ।मुद्दाको सुनुवाइ मङ्गलबार पुनः सुरु हुने तयारी गरिएको छ । सुनुवाइमा कम्तीमा एक वकिलले माकिन्टाचलाई हटाउन माग गर्ने अपेक्षा गरिएको छ ।

यदि उनलाई मुद्दाबाट हटाइयो भने उनको ठाउँमा अर्को न्यायाधीश राख्न सकिन्छ कि सकिँदैन वा नयाँ न्यायाधीशहरूको प्यानलसहित मुद्दा सुरुदेखि नै सुरु गर्नुपर्छ कि पर्दैन भनेर निर्धारण गर्नुपर्नेछ ।"यो यति ठूलो स्क्यान्डल हो कि सारा विश्वले अर्जेन्टिनाको न्यायलाई सबैभन्दा खराब उदाहरणका रूपमा हेरिरहेको छ", म्याराडोनाका छोरीहरूका वकिल फर्नान्डो बर्लान्डोले गत हप्ता स्थानीय रेडियोलाई भन्नुभयो ।

समस्या भनेको मुद्दाको फिल्म खिच्न प्रतिबन्ध भएको भए पनि अदालतमा क्यामेराको कथित प्रयोग हो ।माकिन्टाचले कुनै फिल्म खिच्नमा भाग लिएको वा अनुमति दिएको अस्वीकार गर्नुभएको थियो तर सप्ताहन्तमा अर्जेन्टिनी सञ्चारमाध्यमहरूमा साझा गरिएको फुटेजले मुद्दा सुरु हुनु अघिल्लो दिन उनलाई फिल्म टोलीले अन्तर्वार्ता लिएको देखाएको छ ।



## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८२/०२/१४ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु १६ (सोह्रौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ ।

### तपसिल

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| १. | **नाम : एक जगत आयल स्टोर्स** दर्ता गर्ने निकाय : नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिजय विभाग कार्यालय; दर्ता नं. : १०६१३/०७७/७८, दर्ता मिति : २०७७/११/१७; ठेगाना : निजगढ - ७ बारा; **संचालक तथा शेयरधनी : सुबोध तिमल्सिना**; **शाखा कार्यालय : चन्द्रनिगाहपुर** |

**ब्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : सुबोध तिमल्सिना**<br>बाबुको नाम : केशव प्रसाद तीमलसेना<br>बाजेको : नन्द लाल तिमलसेना<br>ठेगाना : नैकाप न.भ. - ६, काठमाडौं<br>हाल : चन्द्रपुर - ९, रौतहट<br>ना.प्र.प.नं. : २७/१०४३/५९८९५/१२०७४<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६७/०४/०५ | **२. नाम : दिब्या पाण्डे**<br>पतिको नाम : सुबोध तिमल्सिना<br>ससुराको नाम : केशव प्रसाद तीमलसेना<br>ठेगाना : सिद्धार्थनगर - ७, रुपन्देही<br>हाल : चन्द्रपुर - ९, रौतहट<br>ना.प्र.प.नं. : ३७/१०२३/४५६५४<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६८/०४/२६ |
| **३. नाम : केशव प्रसाद तिमलसिना**<br>बाबुको नाम : नन्द लाल तिमलसेना<br>बाजेको नाम : चन्द्रलाल तिमल्सिना<br>ठेगाना : डुमरिया म. - २, रौतहट<br>हाल : चन्द्रपुर - ९, रौतहट<br>ना.प्र.प.नं. : २४७<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०४१/०४/०७ | **४. नाम : सुनिल तिमलसिना**<br>बाबुको नाम : भक्त प्रसाद तिमलसीना<br>बाजेको नाम : नन्दलाल तिमल्सिना<br>ठेगाना : डुमरिया म. - २, रौतहट<br>हाल : चन्द्रपुर - ९, रौतहट<br>ना.प्र.प.नं. : १४०१<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६०/१/१९ |
| **५. नाम : तुलसी कुमारी सापकोटा**<br>पतिको नाम : केशव प्रसाद तिमलसिना<br>ससुराको नाम : नन्द लाल तिमलसेना<br>ठेगाना : डुमरिया म. - २, रौतहट<br>हाल : चन्द्रपुर - ९, रौतहट<br>ना.प्र.प.नं. : ५२१<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०४३/०५/२४ | **६. नाम : इन्दिरा तिमलसिना**<br>पतिको नाम : सुनिल तिमलसिना<br>ससुराको नाम : भक्त प्रसाद तिमलसीना<br>ठेगाना : डुमरिया म. - २, रौतहट<br>हाल : चन्द्रपुर - ९, रौतहट<br>ना.प्र.प.नं. : ३२२०८२/१४३२<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६५/११/२७ |

**धितोको विवरण**

इन्दिरा खरेल तिमल्सिना र तुलसी कुमारी सापकोटाको संयुक्त नाममा मालपोत कार्यालय सिमरा बारामा दर्ता श्रेस्ता कायम रहेको निजगढ -६, रौतहट स्थित कि.नं. १९०३ को क्षेत्रफल ०-५-३-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| २. | **नाम : शुभलक्ष्मी हार्डवेयर तथा जनरल सप्लायर्स** दर्ता कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, गौर; दर्ता नं. : २३७८०/०६२/६३, दर्ता मिति : २०६२/०७/०८; कार्यालय ठेगाना : गरुडा बैरीया - ६, रौतहट; **संचालक तथा शेयरधनी : राम विनोद साह तेली** |
| | **नाम : निर्मला कुमारी** पतिको नाम : राम विनोद साह तेली, ससुराको नाम : दयाराम साह तेली; ठेगाना : संग्रामपुर - २, रौतहट, हाल : गढीमाइ - ४, रौतहट; ना.प्र.प.नं. : १६०८, जि.प्र.का. रौतहट, जारी मिति : २०६०/०७/२४; **शाखा कार्यालय : गौर** |

**ब्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : राम विनोद साह तेली**<br>बाबुको नाम : दयाराम साह तेली<br>बाजेको नाम : बिसुनी साह<br>ठेगाना : संग्रामपुर - २, रौतहट<br>हाल : गढीमाइ - ४, रौतहट<br>ना.प्र.प.नं. : ८८०<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०५८/०५/१८ | **२. नाम : निर्मला कुमारी**<br>पतिको नाम : राम विनोद साह तेली<br>ससुराको नाम : दयाराम साह तेली<br>ठेगाना : संग्रामपुर - २, रौतहट<br>हाल : गढीमाइ - ४, रौतहट<br>ना.प्र.प.नं. : १६०८<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६०/०७/२४ |

**३. नाम : विवेक प्रसाद साह**
बाबुको नाम : राम विनोद साह तेली, बाजेको नाम : दयाराम साह तेली
ठेगाना : संग्रामपुर - २, रौतहट, हाल : गढीमाइ - ४, रौतहट
ना.प्र.प.नं. : ३२-०६-७८-०२९७५, जि.प्र.का. रौतहट, जारी मिति : २०७८/०५/२२

**धितोको विवरण**

१. राम विनोद साह तेलीको नाममा मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता रहेको गरुडा बैरीया - ६, रौतहट स्थित कित्ता नं. १९६२, १९६३ र १९६७ को क्षेत्रफल क्रमश: ०-०-७, ०-०-७ र ०-०-३ तथा मालपोत कार्यालय चन्द्रपुर, रौतहटमा दर्ता रहेको चन्द्रनिगाहपुर - ९, रौतहट स्थित कित्ता नं. १३२८ को क्षेत्रफल ०-१-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. निर्मला कुमारीको नाममा मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता रहेको गरुडा बैरीया - ६, रौतहट स्थित कित्ता नं. १९६१, १९६४ र १९६६ को क्षेत्रफल क्रमश: ०-०-१०, ०-०-६.१० र ०-०-२ तथा मालपोत कार्यालय चन्द्रपुर, रौतहटमा दर्ता रहेको चन्द्रनिगाहपुर - २, रौतहट स्थित कित्ता नं. ८४८ को क्षेत्रफल ०-२-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ । लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन ।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन ।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८२ जेष्ठ २८ गते बुधबार कार्यालय समय सम्म ।**
**बोलपत्र खोलिने मिति र समय : २०८२ जेष्ठ २९ गते बिहीबार ३:०० बजे**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)
केन्द्रीय कार्यालय: सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. : ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६, फ्याक्स नं. ०१-४५१३५२६

## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/०२/१४ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

### तपसिल

| क्र.सं. | ऋणीको नाम, ठेगाना |
|---|---|
| १. | **नाम : निता जेनरल स्टोर्स** नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग; प्रा.फ.र.नं. ९७८७/१०९२/०७३/०७४, दर्ता मिति : २०७३/१२/०१, पान नं. ६०५८२५४९७, दर्ता मिति : २०७३/१२/०१; ठेगाना : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ५, **प्रोप्राईटर : उमेश कुमार साह तेली** |

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : उमेश कुमार साह तेली**<br>ना.प्र.नं. ६४४०२०७०, जि.प्र.का. धनुषा<br>जारी मिति : २०४५/०१/२४<br>बाबुको नाम : विक्रमानन्द साह तेली<br>बाजेको नाम : रुपचन साह<br>ठेगाना : धनुषा जिल्ला, नक्टाझिज गा.वि.स. वडा नं. ८<br>हाल : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ५ | **२. नाम : सुरज प्रसाद साह**<br>ना.प्र.नं. १७-०१-७१-०२३१४, जि.प्र.का. धनुषा<br>जारी मिति : २०७१/०७/१६<br>बाबुको नाम : उमेश कुमार साह तेली<br>बाजेको नाम : विक्रमानन्द साह तेली<br>ठेगाना : धनुषा जिल्ला, नक्टाझिज गा.वि.स. वडा नं. ८<br>हाल : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ५ |
| **३. नाम : अजित प्रसाद साह तेली**<br>ना.प्र.नं. १७-०१-७३-०८९३२, जि.प्र.का. धनुषा<br>जारी मिति : २०७३/०७/२५<br>बाबुको नाम : उमेश कुमार साह तेली<br>बाजेको नाम : विक्रमानन्द साह तेली<br>ठेगाना : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ३ | **४. नाम : निता देवी साह तेली**<br>ना.प्र.नं. १७३१००/८४७, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/११/२९<br>पतिको नाम : उमेश कुमार साह तेली<br>ससुराको नाम : विक्रमानन्द साह तेली<br>ठेगाना : धनुषा जिल्ला, नक्टाझिज गा.वि.स. वडा नं. ८<br>हाल : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ५ |

**धितोको विवरण**

उमेश कुमार साह तेलीको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, ढल्केवर वडा नं. ३ क स्थित कित्ता नं. ६६३ को क्षेत्रफल ०-१-०-० (बिघा) भएको जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| क्र.सं. | ऋणीको नाम, ठेगाना |
|---|---|
| २. | **नाम : राम किशोर साह** ना.प्र.नं. १८२६१७२७, जि.प्र.का. महोत्तरी, जारी मिति : २०४२/०६/०७; बाबुको नाम : धनि साह तेली, बाजेको नाम : जिया साह; ठेगाना : महोत्तरी जिल्ला, बिजलपुरा वडा नं. २, हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १२ |

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : प्रतिमा देवी**<br>ना.प्र.नं. १८२६२६१६, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४६/११/२५<br>पतिको नाम : राम किशोर साह<br>ससुराको नाम : धनि साह तेली<br>ठेगाना : महोत्तरी जिल्ला, बिजलपुरा वडा नं. ८<br>हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १२ | **२. नाम : अमित कुमार शाह**<br>ना.प्र.नं. १८-१-०६३/३५, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६५/०२/२३<br>बाबुको नाम : राम किशोर साह<br>बाजेको नाम : धनि साह तेली<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १२ |

**धितोको विवरण**

प्रतिमा देवीको नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, हरिहरपुर वडा नं. १ ख स्थित कित्ता नं. ३४२४, ३४२० र ३६११ को क्षेत्रफल क्रमश: ०-२-०-१२, ०-०-१४-८ र ०-१-१०-० (बि.क.धु.क.) भएको जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| क्र.सं. | ऋणीको नाम, ठेगाना |
|---|---|
| ३. | **नाम : बर्दिबास पशु तथा कृषि फार्म प्रा.लि.** नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनि रजिस्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं; दर्ता नं. : २२१०३८/०७६/०७७, दर्ता मिति : २०७६/०४/२४, पान नं. ६०९५९४०४१, दर्ता मिति : २०७७/१०/१२; ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १४, **शेयरधनि तथा संचालक अध्यक्ष : रामसागर महतो** |

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : रामसागर महतो**<br>ना.प्र.नं. ०४९२६५२९, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६०/०३/२४<br>बाबुको नाम : राम असिस महतो कोइरी<br>बाजेको नाम : झारी महतो कोइरी<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. २<br>हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १४ | **२. नाम : रामवति कुमारी महतो**<br>ना.प्र.नं. ०४९२७०४८, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६०/११/०५<br>पतिको नाम : रामसागर महतो<br>ससुराको नाम : राम असिस महतो<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. २<br>हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १४ |
| **३. नाम : सोनावती देवी कोइरिन**<br>ना.प्र.नं. ०४९२३४४३, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४४/१०/१२<br>पतिको नाम : राम असिस महतो कोइरी<br>ससुराको नाम : झारी महतो कोइरी<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. २<br>हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १४ | **४. नाम : राम असिस महतो कोइरी**<br>ना.प्र.नं. ०४९२३४४२, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०३५/०४/१३<br>बाबुको नाम : झारी महतो कोइरी<br>बाजेको नाम : मंगल महतो<br>ठेगाना : महोत्तरी जिल्ला, २५ नं. बहादुरगंज वडा नं. २<br>हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १४ |

**धितोको विवरण**

राम असिस महतो कोइरीको नाममा मालपोत कार्यालय बर्दिबास, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, २५ नं. बहादुरगंज वडा नं. २ क स्थित कित्ता नं. ३८२ को क्षेत्रफल ०-०-१६-० (बिघा) भएको जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# प्रशोधन केन्द्रमा बाँसका सामग्री उत्पादन सुरु

खोटाङ। दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले बाँसजन्य सामग्री उत्पादन तथा प्रवर्द्धनको काम सुरु गरेको छ। बाँसबाट बन्ने विभिन्न प्रकारका घरेलु सामग्री उत्पादन गर्दै बजारीकरण गरेर नगरवासीको आयआर्जनमा वृद्धि गराउने योजनाका साथ नगरपालिकाले प्रवर्द्धनको काम सुरु गरेपछि उद्यमी उत्साहित बनेका छन् ।

बाँसजन्य सामग्री प्रवर्द्धन गर्ने उद्देश्यले नगरपालिकाको मुख्य आयोजनामा गत फागुनमा तीनदिने दिक्तेल बजारमा 'प्रथम राष्ट्रिय बाँस सम्मेलन-२०८१' आयोजना गरिएको थियो । दिक्तेलस्थित माटीकोरे खेलमैदानमा गत फागुन १५ देखि १७ गतेसम्म सञ्चालन गरिएको राष्ट्रिय सम्मेलनमा देशभरिका बाँस उद्यमी तथा बाँससँग सम्बन्धित अनुसन्धानकर्तालगायत गरी ७१३ जना सहभागी भएका थिए ।

सम्मेलनले दिक्तेल बजारमा बाँसको सङ्ग्रहालय स्थापना गरेर खोटाङलाई 'बाँसको राजधानी'का रुपमा पहिचान दिलाउन पहल गर्ने निर्णय गरेको छ । नगरपालिकाको आयोजनामा सम्पन्न प्रथम राष्ट्रिय बाँस सम्मेलनले जारी गरेको ३५ बुँदे 'खोटाङ घोषणापत्र'मा यस्तो निर्णय समेटिएको हो ।

दिक्तेलमा बाँस अध्ययन तथा अनुसन्धान केन्द्र स्थापना गर्ने, पहिलो पटक राष्ट्रिय बाँस सम्मेलन सुरु भएको दिन फागुन १५ गतेलाई हरेक वर्ष 'राष्ट्रिय बाँस जागरण दिवस' का रुपमा मनाउन पहल गर्ने, प्रत्येक तीन वर्षमा राष्ट्रिय बाँस सम्मेलन आयोजना गर्ने निर्णय गरिएको छ।

'जहाँ बाँस त्यहाँ जीवन, जहाँ जीवन त्यहा बाँस' भन्ने नारासहित आयोजित सम्मेलनमा बाँस छिटो बढ्ने, बहुउपयोगी र नवीकरणीय स्रोतका रूपमा मान्दै यसले नेपालमा दिगो जीविकोपार्जन, चक्रिय अर्थतन्त्रको प्रवर्द्धन तथा वातावरण संरक्षणमा महत्वपूर्ण योगदान दिन सक्ने विश्वास गरिएको छ।



दिक्तेल बजारमा प्रथम राष्ट्रिय बाँस सम्मेलन सफलतापूर्वक सम्पन्न गरेर प्रशोधन केन्द्र स्थापना गरिएपछि नगरपालिकामा बाँसजन्य सामग्रीको माग बढिरहेकाले उद्यमीको सङ्ख्या पनि बढाउनुपर्ने भएकाले विभिन्न चरणको तालिम आयोजना गरेर प्रवर्द्धनको काममा लागिपरेको नगरप्रमुख तीर्थराज भट्टराईले बताउनुभयो ।

"बाँसजन्य सामग्रीको माग देशका विभिन्न ठाउँ तथा अमेरिकासम्मबाट आउन थालेको छ, सुरुआती चरणमा भएकाले माग धान्न धौ-धौ भएको छ, त्यसैले उद्यमीको सङ्ख्या बढाउन तालिमको आयोजना गरेका हौँ, उनीहरुले उत्पादन गरेका सबै सामग्री उत्पादानस्थलबाटै नगरपालिकाले खरिद गर्छ", उहाँले भन्नुभयो, "उद्यमीलाई बजारको कुनै चिन्ता हुँदैन, उद्यमीबाट खरिद गरिएको सामग्री नगरपालिकाले बजारीकरण गर्छ, उद्यमीलाई आफ्नै ठाउँमा स्वरोजगार बनाउँदै ढुक्क भएर सामग्री उत्पादन गर्ने वातावरण मिलाएका छौँ ।"

नगरपालिकाले उद्यमीहरुको सीप विकासका लागि मोरङका टङ्कबहादुर मगर र भारतका प्रभात शाक्यलाई झिकाएर बाँसका सामग्री बनाउने तालिम सञ्चालन गरिरहेको छ। फर्निचर, घरायसी तथा सजावटका विभिन्न सामग्री उत्पादन गर्नेगरी चालु आर्थिक वर्षमा दुई चरणमा तालिम सञ्चालन गरिएको छ।

पहिलो चरणको तालिममा रु नौ लाख र दोस्रो चरणको तालिम रु १२ लाख खर्चेर सञ्चालन गरिएको नगरपालिकाका उद्यम विकास सहजकर्ता शान्ता आचार्यले बताउनुभयो । पहिलो चरण मङ्सिर २८ देखि तीनमहिने तालिममा ३० र चैत २१ गतेदेखि भएको पुनर्ताजगी तालिममा १५ जना सहभागी रहेका छन् ।

वडा नं ६ नेर्पामा स्थापना गरिएको बाँस प्रशोधन केन्द्रमा सञ्चालित तालिममा सहभागी प्रशिक्षकलाई नेदरल्यान्डको सहयोगमा सञ्चालित चाँगुनारायण फाउन्डेसनले मासिक जनही रु ७५ हजारका दरले भत्ता उपलब्ध गराएको नगरपालिकाले जनाएको छ । यसबाहेक चोया काट्ने मेसिनसमेत चाँगुनारायण फाउन्डेसनले उपलब्ध गराउने सहजकर्ता आचार्यले जानकारी दिनुभयो ।

तालिममा सहभागीहरुलाई खाजा तथा खानाका लागि नगरपालिकाले प्रतिदिन प्रतिव्यक्ति रु ५०० का दरले भत्ता उपलब्ध गराएको छ । बेरोजगार भएर बसिरहेका नगरवासीलाई उद्यमी बनाएर आम्दानीसँग जोड्न नगरपालिकाले तालिम सञ्चालन गरेपछि आफूहरु उत्साहित बनेको सहभागीहरुले बताएका छन् । रासस

# विदेश बस्ने आफन्तलाई 'रातो च्याउ' कोसेली

गलेश्वर । यहाँको लेकाली क्षेत्रको जङ्गलमा पाइने रातो च्याउ सहर र विदेशमा रहेका आफन्तलाई पठाउने आकर्षक कोसेली बन्न थालेको छ ।

औषधीय गुण र स्वादले युक्त रातो च्याउ धेरैको रोजाइमा पर्ने गरेको हो । पेसा, व्यवसाय र अध्ययनका सिलसिलामा विश्वका विभिन्न देश पुगेका आफन्त र यहाँ घुम्न आउने पर्यटकले रातो च्याउ कोसेलीका रुपमा लैजाने गरेका छन् ।

जिल्लाको धवलागिरि, मालिका, मङ्गला, रघुगङ्गा र अन्नपूर्ण गाउँपालिकाका उपल्लो क्षेत्रमा रातो च्याउ पाइन्छ। जेठको पहिलो सातादेखि साउनसम्म च्याउ पाइने मालिका गाउँपालिका-५ का इलमी बुढामगरले बताउनुभयो। "बुहारी र नाति नातिनी अहिले जङ्गलमा गएर च्याउ टिप्न व्यस्त छन्। दैनिक तीन/चार किलो च्याउ टिपेर ल्याउँछन्", बूढाले भन्नुभयो "केही घरमा खान्छौँ, केही बजारमा बेच्न पठाउछौँ, धेरैजसो बेनी, पोखरा, काठमाडौँमा रहेका आफन्तहरु विदेशमा गएका आफन्तलाई कोसेलीको रुपमा पठाउने गर्छौं।"

आलो रातो च्याउ बजारमा रु आठ सयदेखि रु एक हजार दुई सय सम्ममा बिक्री हुने गरेको उहाँले जानकारी दिनुभयो।

धवलागिरि गाउँपालिका-४ की तारा विकले जापानमा रहेका छोरालाई केही दिन अघि दुई किलो रातो सुकाएको च्याउ कोसेली पठाउनुभयो। जेठ लागेयता उहाँले १४ किलो च्याउ सङ्कलन गरेर बिक्री गरी रु १५ हजार बढी आम्दानी गर्नुभएको छ। बजारमा रातो च्याउ बिक्रीको समस्या नभएको उहाँको भनाइ छ।

जिल्लाका लेकाली क्षेत्रमा पाइने च्याउ शुद्ध प्राकृतिक र पौष्टिक हुने भएकाले सहरका बासिन्दा जङ्गलको च्याउ खरिद गर्न गाउँतिर आउने गरेको स्थानीय बताउँछन् ।रासस

# सीप सिकेर आत्मनिर्भरतातर्फ उन्मुख गोमा



भद्रपुर। "जब महिलाले कुनै सीप सिक्छिन्, उनी मात्र होइन, उनको परिवार र समाज आत्मनिर्भर बन्छ," गोमा घिमिरे बराल यही भनाइको ज्वलन्त उदाहरण हुनुहुन्छ।

झापाको दमक नगरपालिका-२ हिमालीटोलस्थित गरिमा सिलाइकटाइ तथा प्रशिक्षण केन्द्र सञ्चालन गर्दै आउनुभएकी उहाँले आफूसँगै थप पाँच जना महिलालाई रोजगारी दिनुभएको छ। सामान्यतया महिलाले लगाउने सबै किसिमका कपडा सिलाइ हुने उक्त केन्द्रमा विद्यालयका झोला, पर्सलगायत सामान उत्पादन हुने गर्छ। दमक बजार, इलाम, पाँचथरलगायत स्थानमा ती सामग्रीको उच्च माग रहेको गोमा बताउनुहुन्छ।

आफ्नै घरमा सटर निकालेर उद्यम गर्नुभएकी गोमाले ढाकाका उत्पादन रु ५० देखि एक हजार ५०० सम्ममा बिक्री गर्दै आउनुभएको छ। बजारको माग उच्च रहेकाले कहिले काहीँ माग नै स्थगन गर्नुपरेको गोमा बताउनुहुन्छ। सिलाइसम्बन्धी सीप सिकेपछि बेरोजगार बस्नुपरेको छैन। घरको सबै काम गरेर आफ्नै घरसमेतमा यो उद्यम गर्न सकिने भएकाले धेरै जसो महिला यो उद्दममा लागिरहेको उहाँ बताउनुहुन्छ। जसबाट खर्च कटाएर दैनिक रु एक हजारदेखि एक हजार ५०० सम्म बचत हुने गरेको छ," उहाँले भन्नुभयो।

झण्डै १० वर्ष पहिले इलाममा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सिलाइसम्बन्धी आधारभूत तालिम लिनुभएकी गोमाले इलाममै चिनजानकै सिलाइ पसलमा काम गरी अनुभव सङ्गाल्नुभयो। काम गर्दै जाँदा घरेलुबाट उद्यमशीलतासम्बन्धी तालिम लिएपछि आफैँ उद्यम गर्नुपर्छ भन्ने उत्प्रेरणा जाग्यो पाँच हजारमा पुरानो सिलाइ मेसिन खरिद गरी व्यवसाय सुरू गर्नुभयो। छरछिमेकका महिला दिदीबहिनिका कपडा सिलाइकटाइ गरी घरबाटै व्यावसाय सुरू गर्नुभएकी गोमाले चार वर्ष इलाममै बिताउनुभएको थियो।

विसं २०७६ सालतिर गोमा परिवारसहित इलामबाट झापाको दमक बसाइ सर्नुभयो। बसाइ सरेसँगै आफूले सिकेको सीप र व्यवसायसमेत निरन्तरता दिनुभएकी गोमाले ढाकाका झोला तथा पर्सको राम्रो सम्भावना देखेपछि वडा कार्यालयबाट सञ्चालित १५ दिने ढाकासम्बन्धी तालिम लिनुभयो। साथै उहाँले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट दोस्रो तहको तालिमसमेत लिनुभयो। यो तालिमपश्चात उहाँको परिचय सिलाइसम्बन्धी प्रशिक्षकको रूपमा स्थापित भयो। अब उहाँले परिषद् तथा अन्य संस्थाका आधारभूत तह-१ का तालिममा प्रशिक्षण गर्न योग्य हुनुभयो। तालिम दिन जिल्लाका विभिन्न ठाउँमा जानुपर्ने तथा केन्द्रसमेतमा उत्पादनको उच्च माग रहेकोले दुवैतिर समय मिलाउन मुस्किल हुने गरेको गोमा बताउनुहुन्छ।

व्यावसायलाई उकास्न समय-समयमा घरेलुले गरेको प्रविधिमा अनुदान सहयोगले काम गर्न थप ऊर्जा प्राप्त हुँदै गएको गोमा सुनाउनुहुन्छ। विभिन्न सरकारी निकाय तथा विभिन्न सङ्घसंस्थाबाट हुने यस्ता अनुदान सहयोगको उचित सदुपयोग गर्ने हो भने गाउँमै राम्रो रोजगारीको अवसर सिर्जना गर्न सकिने उहाँको भनाइ छ। आफ्ना उत्पादनलाई स्थानीय मेला, टिकटक, फेसबुकलगायतका सामाजिक सञ्जालमार्फत प्रचार-प्रसाहर गर्दै आउनुभएको छ।

आफूले सञ्चालन गरेको केन्द्रले महिला दिदिबहिनीलाई सीप सिकाउने, आम्दानीको स्रोत प्रदान गर्ने र आत्मबल बढाउने काम गरेकोमा सन्तुष्टी मिल्ने गरेको गोमा बताउनुहुन्छ। सिलाइ कटाइसँगै ग्रामेन्टसमेतको उद्ययोग दर्ता गरिसकेकाले विस्तारै विस्तारै व्यावसाय बढाउँदै लैजाने उहाँको योजना छ ।रासस


## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८२/०२/१४ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाइसौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ।

### तपसिल

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| १. | **नाम : साकार एग्रो नेपाल प्रा.लि.**<br>दर्ता नं. : २५६९३७/०७७/०७८, दर्ता मिति : २०७७/११/१२<br>रजिष्टर्ड कार्यालय : नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, **संचालक/शेयरधनीहरु/प्रोप्राइटर : सन्तोष साह** |

**नाम : सन्तोष साह**
बाबुको नाम : कपलेश्वर साह सुडी, बाजेको नाम : जुगे साह सुडी
ठेगाना : भाक्राहा -७, सिरहा, हाल : कल्याणपुर - ६, सिरहा
ना.प्र.प.नं. : १५१०६४/२३५०, जि.प्र.का. सिरहा, जारी मिति : २०६६/११/२७
**शाखा कार्यालय : लहान**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| १. नाम : सन्तोष साह | २. नाम : कपलेश्वर साह सुडी |
|---|---|
| बाबुको नाम : कपलेश्वर साह सुडी | बाबुको नाम : जुगे साह सुडी |
| बाजेको नाम : जुगे साह सुडी | बाजेको नाम : मुनर साह सुडी |
| ठेगाना : भोकाहा - ७, सिरहा | ठेगाना : निर्दना - ७, सिरहा |
| हाल : कल्याणपुर - ६, सिरहा | हाल : कल्याणपुर - ६, सिरहा |
| ना.प्र.प.नं. : १५१०६४/२३५० | ना.प्र.प.नं. : २०८३१०१३ |
| जि.प्र.का. सिरहा | जि.प्र.का. सिरहा |
| जारी मिति : २०६६/११/२७ | जारी मिति : २०३५/०८/०४ |

**३. नाम : निशा साह**
पतिको नाम : सन्तोष साह, ससुराको नाम : कपलेशवर साह सुडी
ठेगाना : भोक्राहा - ४, सिरहा, हाल : कल्याणपुर - ६, सिरहा
ना.प्र.प.नं. : १५१०६४/१९०६३, जि.प्र.का. सिरहा, जारी मिति : २०६८/१०/२२

**धितोको विवरण**

१. कपलेश्वर साह सुडीको नाममा मालपोत कार्यालय सिराहामा दर्ता रहेको बिष्णुपुर प्र.रा. - ७, सिरहा स्थित कित्ता नं. ३२६८ को क्षेत्रफल ०-१-०-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. सन्तोष साहको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता रहेको असनपुर -६, सिरहा स्थित कित्ता नं. ११६० को क्षेत्रफल ०-०-९-० (विघा) र मालपोत कार्यालय सिराहामा दर्ता रहेको विष्णुपुर प्र.रा. -८, सिरहा स्थित कित्ता नं. ३२३२ को क्षेत्रफल ०-२-७-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| २. | **नाम : मो. नईम मियाँ**<br>बाबुको नाम : भगला मिया, बाजेको नाम : गोदेल<br>ठेगाना : लहान - ९, सिरहा<br>ना.प्र.प.नं. : ४३७३/८२९, जि.प्र.का. सिरहा, जारी मिति : २०५२/०५/१४<br>**शाखा कार्यालय : लहान** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| १. नाम : गुलसन खातुन | २. नाम : मोहमद रमिज |
|---|---|
| पतिको नाम : मो. नईम मियाँ | बाबुको नाम : मो. नईम मियाँ |
| ससुराको नाम : भगला मिया | बाजेको नाम : भगला मिया |
| ठेगाना : लहान - ९, सिरहा | ठेगाना : लहान - ९, सिरहा |
| ना.प्र.प.नं. : १५२००५/५ | ना.प्र.प.नं. : १५-०२-७७-०१६८२ |
| जि.प्र.का. सिरहा | जि.प्र.का. सिरहा |
| जारी मिति : २०६६/०८/२४ | जारी मिति : २०७७/०८/१५ |

**धितोको विवरण**

मो. नईम मियाँको नाममा मालपोत कार्यालय लहान, सिरहामा दर्ता रहेको लहान गोठ - ३, सिरहा स्थित कित्ता नं. ४१८ को क्षेत्रफल ०-१-१३-० (विघा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| क्र.सं. | ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|---|
| ३. | **नाम : दिनेश कुमार यादव**<br>बाबुको नाम : ध्यानी यादव<br>बाजेको नाम : सुबोध यादव<br>ठेगाना : नरहा - १, सिरहा<br>हाल : नरहा - ५, सिरहा<br>ना.प्र.प.नं. : ८८९३०४५<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०५९/०८/१७<br>**शाखा कार्यालय : लहान** | **नाम : सविता कुमारी यादव**<br>पतिको नाम : दिनेश कुमार यादव<br>ससुराको नाम : ध्यानी यादव<br>ठेगाना : नरहा बल्कवा - १, सिरहा<br>हाल : नरहा - ५, सिरहा<br>ना.प्र.प.नं. : १५१०७३/१८३३३<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०६८/०९/२२ |

**धितोको विवरण**

सविता कुमारी यादवको नाममा मालपोत कार्यालय सिरहामा दर्ता रहेको नरहा - १, सिरहा स्थित कित्ता नं. ३४५२ को क्षेत्रफल ०-१-११-० (विघा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| ४. | **नाम : श्री तराई रिकन्डिसन हाउस**<br>दर्ता नं. : १६११८/२०७८/०७९, दर्ता मिति : २०७८/११/२९<br>दर्ता गर्ने निकाय : मधेश प्रदेश सरकार, उद्योग, पर्यटन तथा वन मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय<br>**संचालक/शेयरधनी/प्रोप्राइटर/साझेदारी : किरण कार्की र प्रलाद कुमार राय**<br>**शाखा कार्यालय : लहान** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| १. नाम : प्रलाद कुमार राय | २. नाम : अमृत माया कार्की |
|---|---|
| बाबुको नाम : राम वहादुर राय अमात | पतिको नाम : खुस देव कार्की |
| बाजेको नाम : विलट राय | ससुराको नाम: धरम धोज कार्की |
| ठेगाना : लहान - ६, सिरहा | ठेगाना : लहान - ९, सिरहा |
| ना.प्र.प.नं. : १५२००५- १२६२३ | ना.प्र.प.नं. : ५२६०७८२९ |
| जि.प्र.का. सिरहा | जि.प्र.का. सिरहा |
| जारी मिति : २०७०/०३/०६ | जारी मिति : २०५३/०५/०२ |

| ३. नाम : राम वहादुर राय अमात | ४. नाम : खिन्द्रा कुमारी देवी |
|---|---|
| बाबुको नाम : विलट राय | पतिको नाम : राम वहादुर राय अमात |
| बाजेको नाम : हरक राय | ससुराको नाम : विलट राय |
| ठेगाना : तरही - २, सप्तरी | ठेगाना : चन्द्रलालपुर - ७, सिरहा |
| हाल : लहान - ६, सिरहा | हाल : लहान - ६, सिरहा |
| ना.प्र.प.नं. : ९३८८०८३३ | ना.प्र.प.नं. : ५२६०/७५३१/२३ |
| जि.प्र.का. सप्तरी | जि.प्र.का. सिरहा |
| जारी मिति : २०३५/०२/०२ | जारी मिति : २०४६/०९/०९ |

| ५. नाम : किरण कार्की | ६. नाम : खुस देव कार्की |
|---|---|
| बाबुको नाम : खुस देव कार्की | बाबुको नाम : धरम धोज कार्की |
| बाजेको नाम : धरम धोज कार्की | बाजेको नाम : गन्ज सिंह कार्की |
| ठेगाना : लहान - ९, सिरहा | ठेगाना : लहान - ९, सिरहा |
| ना.प्र.प.नं. : १५२००५/९०८१ | ना.प्र.प.नं. : २४७९ |
| जि.प्र.का. सिरहा | जि.प्र.का. सिरहा |
| जारी मिति : २०६९/०१/१८ | जारी मिति : २०४५/०२/२५ |

**७. नाम : प्रियंका दास**
पतिको नाम : प्रलाद कुमार राय, ससुराको नाम : राम वहादुर राय अमात
ठेगाना : गौरिगंज - ३, झापा, हाल : लहान - ६, सिरहा
ना.प्र.प.नं. : ०४-०२-७६-०००४०, जि.प्र.का. झापा, जारी मिति : २०७६/०६/०४

**धितोको विवरण**

१. खिन्द्रा कुमारी देवीको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता श्रेष्ता कायम रहेको लहान बजार - ४ क, सिरहा स्थित कित्ता नं. १०१५ को क्षेत्रफल ०-०-१०.५-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. खुस देव कार्कीको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता श्रेष्ता कायम रहेको लहान गोठ - ३, सिरहा स्थित कित्ता नं. २११ र २१३ को क्षेत्रफल क्रमश: ०-१-०-० र ०-१-०-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| ५. | **नाम : राजेश कुमार पासमान**<br>बाबुको नाम : अमरलाल पासमान, बाजेको नाम : वुधु पासमान<br>ठेगाना : लहान - ३, सिरहा, हाल : लहान - १०, सिरहा<br>ना.प्र.प.नं. : १५१००५/५५५, जि.प्र.का. सिरहा, जारी मिति : २०६५/१२/१४<br>**शाखा कार्यालय : लहान** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| १. नाम : राधा कुमारी पासमान | २. नाम : अमरलाल पासमान |
|---|---|
| पतिको नाम : राजेश कुमार पासमान | पतिको नाम : वुधु पासमान |
| ससुराको नाम : अमरलाल पासमान | बाजेको नाम : मखन पासमान |
| ठेगाना : जलेश्वर - १, महोत्तरी | ठेगाना : कुशहा - ५, सप्तरी |
| हाल : लहान - १०, सिरहा | हाल : लहान - १०,सिरहा |
| ना.प्र.प.नं. : १८-०१-७०-०३८५७ | ना.प्र.प.नं. : २०९२ |
| जि.प्र.का. महोत्तरी | जि.प्र.का. सप्तरी |
| जारी मिति : २०७०/०३/२० | जारी मिति : २०४३/११/०१ |

**३. नाम : मन्जु देवी पासमान**
पतिको नाम : अमरलाल पासमान, ससुराको नाम : वुधु पासमान
ठेगाना : लहान - १०, सिरहा
ना.प्र.प.नं. : ४३३४/७५७५, जि.प्र.का. सिरहा, जारी मिति : २०६१/०५/२०

**धितोको विवरण**

राधा कुमारी पासमानको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता रहेको लहान गोठ - ३, सिरहा स्थित कित्ता नं. ५१३ को क्षेत्रफल ०-१-७.७५-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| ६. | **नाम : सुई धागा जनरल स्टोर**<br>दर्ता नं. : १७५७०/२०८०/०८१, दर्ता मिति : २०८०/०५/२९<br>दर्ता गर्ने निकाय : मधेश प्रदेश सरकार, उद्योग, पर्यटन, तथा वन मन्त्रालय उद्योग विभाग घरेलु तथा साना उद्योग कार्यालय<br>**संचालक/शेयरधनी/प्रोप्राइटर : खुशबु कुमारी महतो** |

**नाम : लुकेश कुमार साह**
बाबुको नाम : झमेली साह सुडी, बाजेको नाम : किसन शहु सुडी
ठेगाना : सोनमती मझौरा - ९, सिरहा, हाल : लहान - १०, सिरहा
ना.प्र.प.नं. : १५२००८/९१७३, जि.प्र.का. सिरहा, जारी मिति : २०६९/०१/२५
**शाखा कार्यालय : लहान**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| १. नाम : लुकेश कुमार साह | २. नाम : झमेली साह सुडी |
|---|---|
| बाबुको नाम : झमेली साह सुडी | बाबुको नाम : किसन शहु सुडी |
| बाजेको नाम : किसन शहु सुडी | बाजेको नाम : सुवे साह सुडी |
| ठेगाना : सोनमती मझौरा - ९, सिरहा | ठेगाना : सोनमती मझौरा - ९, सिरहा |
| हाल : लहान - १०, सिरहा | हाल : लहान - १०, सिरहा |
| ना.प्र.प.नं. : १५२००८/९१७३ | ना.प्र.प.नं. : १५२००८/१५८८ |
| जि.प्र.का. सिरहा | जि.प्र.का. सिरहा |
| जारी मिति : २०६९/०१/२५ | जारी मिति : २०३८/१०/०९ |

| ३. नाम : खुशबु कुमारी महतो | ४. नाम : पुजा साह |
|---|---|
| पतिको नाम : हरि साह | बाबुको नाम : झमेली साह सुडी |
| ससुराको नाम : झमेली साह सुडी | बाजेको नाम : किसन शहु सुडी |
| ठेगाना : जनकपुर - १, धनुषा | ठेगाना : लहान - १९, सिरहा |
| हाल : लहान - १०, सिरहा | हाल : लहान - १०, सिरहा |
| ना.प्र.प.नं. : १७-०१-७४-०९६०५ | ना.प्र.प.नं. : १५-०२-७६-००५५३ |
| जि.प्र.का. धनुषा | जि.प्र.का. सिरहा |
| जारी मिति : २०७४/०८/१२ | जारी मिति : २०७६/०२/१२ |

**५. नाम : अनार देवी मण्डल**
पतिको नाम : झमेली साह सुडी, ससुराको नाम : किसन शहु सुडी
ठेगाना : लहान - ६, सिरहा, हाल : लहान - १०, सिरहा
ना.प्र.प.नं. : ५०५९-३८७८, जि.प्र.का. सिरहा, जारी मिति : २०४५/०२/०६

**धितोको विवरण**

अनार देवी मण्डलको नाममा मालपोत कार्यालय लहान, सिरहामा दर्ता श्रेष्ता कायम रहेको लहान गोठ - ९, सिरहा स्थित कित्ता नं. २१४६ को क्षेत्रफल ०-०-९-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ । लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन ।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन ।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८२ असार ०३ गते मंगलबार कार्यालय समय सम्म ।**
**बोलपत्र खोलिने मिति र समय : २०८२ असार ०४ गते बुधबार ३:०० बजे**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय:
सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,
फ्याक्स नं. ०१-४५१३५२६

# कर्मचारी र तस्कर मिलेमतोमा गुपचुप लिलाम बढाबढ



**कमलेश मण्डल**

जलेश्वर । भन्सार राजस्वको एउटा स्रोत बरामद गरिएको मालसामानको लिलाम बढाबढ हुने गरेको पाइएको छ। तर जलेश्वर भन्सार कार्यालयका कर्मचारी र तस्कर मिलेर गुपचुपमा कौडीको भाउमा सामान लिलाम गर्ने गरेको पाइएको छ।

जलेश्वर भन्सार कार्यालयका कर्मचारीले आर्थिक चलखेलमा परेर जफत गरिएका अवैध मालसामानको लिलामी गर्दा सामानको मूल्यांकन कम गराउन लिलामको सूचना गोप्य राख्ने गर्छन । २-३ पटक टेण्डर नपरेको देखाएर अन्त्यमा केही सीमित तस्करलाई नै मालसामान बिक्री गर्ने गरिएको छ।नेपाल प्रहरी, सशस्त्र प्रहरी र भन्सारकै कर्मचारीले तस्करी पैठारी सामान जफत गरेर भन्सारमा बुझाउँछन् । तर मालसामान लिलाम गर्दा भन्सारका कर्मचारी र तीनै तस्करबीच आर्थिक लेनदेनको आधारमा लिलाम गर्ने गरिएको पाइएको छ।

चालू आर्थिक वर्षको चैत्र मसान्तसम्म नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा भन्सार गस्ती टोलीले संयुक्त रूपमा ५ सय ७४ वटा तस्करीसम्बन्धी मुद्दामा ६३ करोड ९ लाख २८ हजार ५ सय ५ रुपैयाँ बराबरको सामान नियन्त्रणमा लिएर भन्सारमा बुझाएको थियो। तर भन्सार कार्यालय अन्तर्गतको मूल्यांकन समिति तथा सिन्डिकेट चलाउने समूहहरूको मिलोमतोमा ४ सय ७८ वटा मुद्दाका सामान लिलामी गर्दा १२ करोड ५ लाख २६ हजार ९ सय ३० रुपैयाँ राजश्व असुल गरेको भन्सार कार्यालयको अभिलेखमा छ। ९६ वटा मुदा बाँकी रहेको छ । भन्सार कार्यालयमाकर्मचारी,विचोलिया,तथा मुल्यँाकन समितीको मिलोमत्तोमा भन्सारमा आफ्नो सिन्डीकेट चलाउँनेहरुले मात्र लिलामीको समान लिदा बाँकी मूल्य करिब ४० करोड रुपैयाँभन्दा बढी सरकारी राजस्व गुमेको अनुमान गरिएको छ। लिलाम गरिएको मालसामान केही सीमित व्यावसायिक फर्मले मात्रै लिएको लिलामी अभिलेखबाट नै पुष्टि भएको छ।

महोतरीमा मात्रै सयौँ व्यवसायिक फर्म सञ्चालित छन् । तर लिलाम गर्दा सामान करीब ७-८ वटा फर्मले नै पटक-पटक किन्नु कुनै संयोगको कुरा नभएर भन्सारका कर्मचारीको मिलेमतोमा हुने गरेको व्यावसायी नै बताउँछन् । भन्सारले सार्वजनिक सूचना नै जारी नगरेर लिलामको सूचना लुकाउने गरेको व्यवसायीको आरोप छ।

जलेश्वर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष रामकपुर साह राजुले भन्सारका कार्यालय प्रमुखदेखि कर्मचारीसम्मको मिलेमतोमा नै त्यस्तो हुने गरेको हामीले अनुभूति गरिरहेका छौँ । पहिले-पहिले लिलामी प्रक्रियाको सूचना उद्योग वाणिज्य संघमा आउने गरेपनि अब अपवादमा मात्र सूचना प्रकाशन हुने गरेको र लिलामीका लागि तोकिएको मितिको १ दिनअघि साँझको समयमा आएर भन्सारका कर्मचारीले सूचना टाँस्ने काम गर्ने गरेको साहले बताए।

लिलामीको प्रक्रिया नै गलत, अपारदर्शी र आन्तरिक मिलेमतोमा भइरहेकाले लिलामी प्रक्रियामा भ्रष्टाचार भइरहेको मनरासिस्वा नगरपालिकाका बथनाहाका चन्दन दुवेको आरोप छ । एक त लिलामीबारे सरोकारवाला व्यापारीले थाहा नै पाउँदैनन अर्कोतर्फ नेपाल सरकारको राजस्वमा समेत कमी आउने गरेकाले लिलामीको प्रक्रिया नै परिवर्तन गर्नुपर्छ उनले भने एउटा निश्चित स्थान तोकेर लिलाम गरिने मितिबारे स्थानीय पत्रपत्रिका, रेडियो, टेलिभिजन आदिमा सूचना प्रकाशित गरेर सबै सरोकारवालाको उपस्थितिमा लिलामी गर्नुपर्ने आवश्यकता छ । महंगा-महंगा सवारीसाधनदेखि विभिन्न खाद्य सामग्री तथा लत्ताकपडाको लिलामी अपारदर्शी तरिकाले भइरहेको छ, त्यो प्रक्रिया नै परिवर्तन गर्नुपर्छ।

भन्सारका कर्मचारी र लिलामीका सामान किन्ने व्यक्तिसँग आन्तरिक मिलेमतो पहिले नै गर्ने गरिएको मलिवाराका दिलिप पाण्डेले बताए । अन्य मान्छेले थाहा पनि पाउँदैनन र लिलामी गर्ने गरिन्छ पाण्डेले भने। जफत गरिएका वस्तुको अंकित मूल्यभन्दा धैरै कम मूल्य मूल्यांकन गरेर सामान लिलाम गरिएको हुन्छ।

जलेश्वर भन्सार कार्यालयका सूचना अधिकारी संतोष ज्ञावालीले भने सामानको प्रकृति गोदामको अभाव, सडने गल्ने वस्तु भएकाले मूल्यांकन समितिले निर्धारण गरे बमोजिम सामानको वास्तविक मूल्यभन्दा कम मूल्यमा लिलाम गर्ने गरिएको छ । भन्सार ऐनको दफा ५० को (३) बमोजिम सडने गल्ने सामान पुरानो भएर मूल्य घटने भए टिप्पणी उठाएर सूचना प्रकाशित गरेर प्रक्रिया अपनाएर नै जफत गरिएका मालसामानको लिलामी हुने गरेको भन्सारका सूचना अधिकारी ज्ञावालीले बताए।

जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, मालपोत कार्यालय, कोष तथा लेखा नियन्त्रण कार्यालय, जलेश्वर उद्योग वाणिज्य संघ लगायतका प्रतिनिधि समेतको प्रतिनिधित्व रहने गरेको मूल्यांकन समितिले जफत गरिएका वस्तुको मूल्यको मूल्यांकन गरेर मूल्य निर्धारण गर्ने गरिएको ज्ञावालीले बताए।

पहिलो पटक मूल्यांकन समितिले निर्धारण गरेको तर लिलामको सूचना अनिवार्य रुपमा पत्रपत्रिकामा प्रकाशित गर्नुपर्छ ।चिनी, खाने तेल, साबुन, स्टीलका सामान, लत्ताकपडा, डटपेन, पेन्सिल, चकलेट, कस्मेटिक सामान, सुपारी लसुन लगायतका सामान जफत गरिएको हुन्छ । अवैध सामान तस्करी गर्दा प्रयोग हुने ट्र्याक्टर, टायर गाडी, साइकल, मोटरसाइकल लगायत जफत गरेर लिलाम गर्ने गरिएको छ।

प्रायःजसो भारतबाट भन्सार नै नतिरेर नेपाल भित्र्याइने गरेका अवैध मालसामान भन्सारका कर्मचारी र सुरक्षाकर्मीले बरामद गरेर भन्सारमा दाखिला गर्ने गर्छन । दाखिला भएका सामानको लिलामी गर्दा अनियमितता हुने गरेको हो ।सुराकीको आधारमा पक्राउ गरेर जफत गर्ने सुरक्षाकर्मीदेखि भन्सारका कर्मचारी समेतले गैरकानूनी कमिशन पाउने गर्छन । पक्राउ गरेर सामान बुझाउँदा प्रतिवेदन पेश गर्ने

> प्राय:जसो भारतबाट भन्सार नै नतिरेर नेपाल भित्र्याइने गरेका अवैध मालसामान भन्सारका कर्मचारी र सुरक्षाकर्मीले बरामद गरेर भन्सारमा दाखिला गर्ने गर्छन । दाखिला भएका सामानको लिलामी गर्दा अनियमितता हुने गरेको हो ।सुराकीको आधारमा पक्राउ गरेर जफत गर्ने सुरक्षाकर्मीदेखि भन्सारका कर्मचारी समेतले गैरकानूनी कमिशन पाउने गर्छन । पक्राउ गरेर सामान बुझाउँदा प्रतिवेदन पेश गर्ने प्रतिवेदकले १० प्रतिशत र सुराकीले सुराक दिएबापत १० प्रतिशत कमिशन पाउने गरेका छन । लिलाम गरेर राजस्व दाखिला भइसकेपछि मुद्दाको फाइल बन्द हुने र त्यसपछि मात्रै कमिसन दिने गरिएको भन्सारका सूचना अधिकारी ज्ञावालीले बताए ।

प्रतिवेदकले १० प्रतिशत र सुराकीले सुराक दिएबापत १० प्रतिशत कमिशन पाउने गरेका छन । लिलाम गरेर राजस्व दाखिला भइसकेपछि मुद्दाको फाइल बन्द हुने र त्यसपछि मात्रै कमिसन दिने गरिएको भन्सारका सूचना अधिकारी ज्ञावालीले बताए।

मूल्यको १५ दिने सूचनामा लिलाम नहुँदा पुनः दोस्रो पटक बैठक बसेर ७ दिने सूचना प्रकाशित गरेर मूल्य घटाइन्छ। त्यसपछि पनि लिलाम नहुँदा तेस्रो पटकमा ३ सदस्यीय मूल्यांकन समिति मात्रै बसेर मूल्य घटाएर लिलामीको सूचना प्रकाशित गरिन्छ । अनि त्यस लिलामीमा लिलाम हुने गरेको भन्सारका कर्मचारीहरू बताउँछन। लिलामका सूचना सार्वजनिक नै नहुने गरेका कारण मिलेमतो बाहिरका व्यक्तिले लिलाम कबुल गर्न नै पाउँदैनन।

लिलामी सम्बन्धी सम्पूर्ण प्रक्रिया कागज र फाइलमा पूरा गरिन्छ। तर बाहिर कसैले पनि त्यसबारे जानकारी पाउँदैनन भन्सारका एक कर्मचारीले नाम नलेख्ने शर्तमा भने भन्सार कार्यालयमा समेत लिलामीको सूचना टाँस गरिँदैन भने बाहिरका व्यापारीले लिलामीबारे थाहा पाउने कुरै भएन।

लिलामीको सूचना भन्सार कार्यालयमा मात्र टाँसिने गरिएको सूचना अधिकारी ज्ञावालीले स्वीकार गरे । बजेट अभावका कारण सञ्चारमाध्यममा लिलामीको सूचना प्रकाशन नगरिएको उनले बताए।

भन्सार नियमावली २०६४ को नियम ३५ मा उल्लेख भए बमोजिम लिलाम गर्ने कार्यविधिमा वस्तु लिलाम गर्नुभन्दा पहिले २१ दिनको म्याद जारी गरेर राष्ट्रिय स्तरका दैनिक पत्रपत्रिकामा सूचना प्रकाशन गरी बोलपत्र आह्वान गर्नुपर्ने हुन्छ । अधिवक्ता विजय कुमार ठाकुरका अनुसार भन्सार कार्यालयले लिलामीका बारेमा जानकारी दिनका लागि २१ दिनको म्याद दिई लिलाम प्रक्रियाबारे राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा सूचना प्रकाशित गर्नैपर्ने हुन्छ।

बजेट छैन वा अन्य समस्या भयो भनेर लिलाम प्रक्रियाको सूचना यदि राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिँदैन भने त्यो गैरकानूनी हुन जान्छ । सूचना प्रकाशित गर्न भन्सार कार्यालयलाई कानूनले नै बाध्य बनाएको छ उनले भने ।१ लाख रुपैयाँभन्दा बढी न्यूनतम मूल्य भएका सवारीसाधन वा भारीयन्त्र उपकरण लिलाम बिक्री गर्न भन्सार कार्यालयले २१ दिनको म्याद दिई पत्रिकामा सूचना प्रकाशित गर्नुपर्ने अधिवक्ता ठाकुरले बताए।

लिलाम गर्ने सूचना प्रकाशित गर्दा सवारीसाधन वा ढुवानी साधनको विवरण, इन्जिन नम्बर, चेसिस नम्बर, उत्पादन वर्ष, न्यूनतम मूल्य, बोलपत्र पठाउने तरिका, बोलपत्र लाग्ने दस्तुर, बोलपत्र खोल्ने समय, मिति र स्थान, बोलपत्र साथ आफूले कबूल गरेको अंकको १० प्रतिशतले हुने रकम दाखिला गर्नुपर्ने बैंक खाताको विवरण, लिलाम अंकमा कुनै कर, शुल्क आदि लाग्ने भए सो कुरा समेत उल्लेख गर्नुपर्ने कुरा भन्सार नियमावलीमा व्यवस्था गरिएको छ।

लिलाम सकार गरेको मालवस्तु उठाई लैजानुपर्ने अवधि, इच्छुक व्यक्तिले लिलाम बिक्री हुने मालवस्तु हेर्न वा अवलोकन गर्न सक्ने स्थान र समयबारे सूचनामा जानकारी दिनुपर्ने हुन्छ ।लिलाम बिक्री गर्नुपर्ने वस्तुको मूल्यांकनका लागि भन्सार कार्यालयको प्रमुख वा निजको अनुपस्थितिमा निजको कार्य गर्ने गरी तोकिएको व्यक्तिको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, उद्योग वाणिज्य संघका प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रतिनिधि, सवारी र ढुवानी साधनको हकमा मेकानिकल प्राविधिक सदस्य रहने गरी मूल्यांकन समिति गठन गर्नुपर्ने कुरा भन्सार ऐनको दफा ७१ को उपदफा (३) मा व्यवस्था गरिएको छ।

जलेश्वर भन्सार कार्यालयमा प्रहरीहरुले समातेको तस्करीको समानहरु भन्सारका कर्मचारी,मुल्यँाकन समिती र भन्सारमा सिन्डीकेट चलाउँने विचोलियाहरुको मिलेमतोमा लिलामी हुने गरेको पाइएको छ। भन्सार कार्यालयमा सुरक्षा निकायले समातेका तस्करीका सामानहरूको मूल्यांकन र लिलामी प्रक्रियामा गम्भीर अनियमितता भएको तथ्यांकले पुष्टि गरेको छ।

सिमानाका र विभिन्न ठाउँहरुबाट तस्करीको समान समातेर भन्सार कार्यालयमा पठाउँदा बजारको मुल्य भन्दा करिब २० प्रतिशत रकम कम गरेर प्रहरीले नै भन्सार कार्यालयमा प्रतिवेदन मुल्य पठाउँने गरेको छ त्यही समानहरु लिलामी गर्दा भन्सार मूल्यांकन समितिले सामानको मूल्य बजार मूल्यको तुलनामा करिब ६० देखी लिएर ७० प्रतिशतसम्म घटाएर मूल्यांकन गर्ने, लिलामीमा आफ्ना मान्छेलाई भाग लिने व्यवस्था मिलाउने र सामाग्री पुनः बढी मूल्यमा बजारमा बेचिने प्रवृत्ति हावी भएको छ। यसरी भन्सारका कर्मचारी, मूल्यांकन समितिका सदस्यहरू र बाहिरी सिन्डिकेटबीचको संगठित मिलेमतोका कारण राज्यले ठूलो घाटा व्यहोर्नु परेको छ।

सुरक्षा निकायहरूले जोखिम मोलेर नियन्त्रणमा लिएको सामान भन्सारमा यसरी मूल्य घटाएर लिलामी हुनु भ्रष्टाचारको ज्वलन्त उदाहरण भएको स्थानीय अशोक साहले बताए। भन्सारमा यसरी सरोकारबाला निकायहरुले नै सरकारी राजस्वमा लुट मचाइ रहदा यहाँका नागरिक समाजले तत्काल छानबिन समिति गठन गरी दोषी कर्मचारी तथा सम्बन्धित समूहविरुद्ध कारबाहीको माग गरेका छन्।

# नियमितताको अखाडा बन्दै पूर्वाधार कार्यालय सर्लाही



**बखतियार अलि**

मलंगवा। योजना र विकास निर्माणको काममा मनपरी रुपमा कमिसन मागेर भ्रष्टाचार र अनियमितताको पूर्वाधार विकास कार्यालय सर्लाही अखाडा बन्दै गएको स्थानीयहरु बताउँछन्।

सबैभन्दा बढी आर्थिक अनियमितता पूर्वाधार निर्माण कार्यमा भएको पाइएको हो। पुर्वाधार विकास कार्यालय सर्लाहीका कार्यालय प्रमुख कार्यालयमा आउदैन। कार्यालय बाहिर गोप्य रुपमा आफ्नो निजी कार्यालय संचालन गरेर राखेको जानकारहरुको भनाइ छ। जुन व्यक्तिले बढि कमिसन दिन्छ उसैले यस कार्यालयबाट सेटिंगको आधारमा बढि योजना पाउने गरेको हो । कार्यालय प्रमुख यादवले गोप्य रुपमा विगत दुई आर्थिक वर्ष देखि आफनो गोप्य कार्यालय संचालन गरेर २० देखि ३० प्रतिशत सम्म कमिसन उठाएर मधेश प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री सरोज कुमार यादव, निमित प्रदेश सचिव संजय प्रसाद साहलाई पुर्याउने गरेको छ। मन्त्री र सचिव दुवैको प्रियपात्रको रुपमा नाम कमाउन सफल भएको पूर्वाधार विकास कार्यालय सर्लाहीका प्रमुख विजय यादव विगत २ वर्ष देखि निरन्तर यस कार्यालयमा कार्यरत रहेको छ। चालु आर्थिक वर्षमा सर्लाही जिल्लाका लागि यस कार्यालयमा १ अर्ब २० करोडको बजेट विनियोजन गरिएको छ। पूर्वाधार कार्यालय सर्लाहीबाट संचालित योजनाहरुको पार्दर्शीता माथि समेत प्रश्न खडा भएको छ । कुन योजना कहा र कुन ठाउमा संचालनमा रहेको छ। योजना र विकास निर्माणको काम भईरहेको साईटमा बजेट सिलिंग र योजना सम्बन्धी कुनै पनि बोर्ड वा जानकारी टास गरिएको छैन। यस प्रति भौतिक पुर्वाधार बिकास मन्त्रालयका निमित सचिव संजय प्रसाद साहले आफुहरु कार्य व्यस्तताले अनुगमन गर्न नसकेको बताउनु हुन्छ । १ अर्ब बढिको बजेट संचालन भएको जिल्लाहरुमा अनुगमन नहुँदा अनियमितताको आशंका बढेको भने पछि सचिव साहले छिटटै अनुगमन गर्ने बताए। जिल्ला समन्वय समिति सर्लाहीका उपप्रमुख जितेन्द्र कुमार महतोले भने यस कार्यालयमा भइरहेको अनियमितताको बारेमा हल्ला सुनेको छु। लिखित रुपमा उजुरी आएको खण्डमा कारबाहीका लागि सिफारिस गरिने बताए। मलंगवा नगरपालिकाका नगर प्रमुख नागेन्द्र प्रसाद यादवले ५०र५० मा काम भईरहेको आरोप लगाए। पूर्वाधार विकास कार्यालय सर्लाहीका प्रमुख यादवले प्रक्रिया बिना करारका ७ जना कर्मचारीलाई भर्ना गरेका छन् । करारका कर्मचारीहरुले बुझ्ने तलब भत्तामा समेत कमिसन मागेको एकजना कर्मचारीले बताए। कमिसन बिना कुनै पनि काम वा फाइल अगाडि बढाइँदैन। विगत दुई वर्ष यता देखि कार्यालय प्रमुखको रुपमा यादव आए देखि कमिसनको खेलमा कार्यालय पूर्णरुपेण लथालिंग अवस्थामा रहेको कर्मचारीहरु बताउँछन्। हरेक कुरामा कमिसन माग्न थालेपछि कार्यालयको सबै कर्मचारी कार्यालय प्रमुख यादवबाट रुष्ट रहेको छ। उच्च रुपमा कमिसनको खेल शुरु भएपछि गएको बैशाख महिनामा अख्तियार दुरुपयोग अनुसंन्धान आयोगमामा समेत उजुरी परि सकेको छ । केही दिन पहिला अख्तियारले कार्यालयको सम्पूर्ण कागजातहरु छापा मारेर लगेको बताएको छ । महालेखा परीक्षक कार्यालयद्वारा सार्वजनिक ५९ औं वार्षिक प्रतिवेदनमा समेत मधेश प्रदेशका अधिकांश पूर्वाधार निर्माण तथा विकासे आयोजनाका काममा 'धैरे आर्थिक अनियमितता हुने गरेको' देखिएको जनाइएको छ। जसमध्ये सडक, पुल, भवन लगायत भौतिक संरचना निर्माणमा व्यापक आर्थिक अनियमितता र बढी भुक्तानी गरिएको पाइएको छ।


## डिप्रेसनका लक्षण

**मानसिक रुपमा :**

- उदास, निराश वा एक्लोपन महसुस गर्नु,
- कुनै पनि कुरामा चासो नलिनु वा कम हुनु,
- आत्मबल घट्नु वा आत्मग्लानि हुनु वा दोषी महसुस हुनु,
- निर्णय लिन नसक्नु वा कठिन हुनु,
- आत्महत्याका विचार आउनु,

**शारीरिक र व्यवहारिक लक्षणहरु :**

- निन्द्रा कम लाग्नु तथा सुत्न नसक्नु,
- भोक नलाग्नु वा अत्यधिक भोक लाग्नु,
- तौलमा परिवर्तन आउनु,
- सामान्य काममा थकान महसुस हुनु,
- पुरै शरीर दुख्नु वा शरीरका कुनै भागमा पीडा महसुस हुनु,
- सामाजिक गतिविधिमा चासो नहुनु,

**यस्ता लक्षण देखिएमा चिकित्सकको परामर्श लिऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड


# यातायात व्यवसायी आन्दोलित



**टुडे समाचारदाता**

जनकपुरधाम। प्रदेश सरकारले यातायात क्षेत्र विस्तापित हुने गरी ऐन नियम बनाएको भन्दै यातयात व्यवसायीहरू आन्दोलित भएका छन्।

पत्रकार सम्मेलन गर्दै विभिन्न यातायात संगठनहरूले प्रदेश सरकारले बनाइरहेको ऐन नियमप्रति आपत्ति जनाउँदै आन्दोलनको घोषणा गरेका छन्।

'प्रदेश सरकारले ऐन नियमावलीहरू बनाई कार्यान्वयन गर्दा सार्वजनिक यातायात क्षेत्र नै विस्थापित हुने अवस्था श्रृजना भएको हुँदा यातायात क्षेत्रमा क्रियाशील यातायात महासंघहरू र मजदुर संघ, संगठनहरु बाध्य भै आन्दोलनमा जानुपर्ने अवस्था श्रृजना भएको छ', विज्ञप्तिमा जनाएको छ।

मंगलबारदेखि विभिन्न सात बुँदे माग राखेर व्यवसायीहरू आन्दोलित भएका छन्। आफ्नो माग पूरा नभएमा जेठ १९ गतदेखि देशव्यापी अनिश्चितकालका लागि सवारी साधनहरु ग्यारेजमा थन्क्याउने र आन्दोलन गर्न व्यवसायीले चेतावनी दिए।


## आवश्यकता

जनकपुरधाममा संचालित अति सुविधा सम्पन्न होटल अंजनी सुइट प्रा.लि.का लागि तपसिल बमोजिमको कर्मचारीहरु आवश्यक परेको इच्छुक तथा योग्य उम्मेदवारहरुले ७ (सात) दिन भित्र आफ्नो बायोडाटा सहित सम्पर्क गर्नु हुन अनुरोध छ ।




| सि. नं. | पद | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | मेनेजर | १ (एक) | स्नातक उत्तीर्ण गरी कम्प्युर सम्बन्धी ज्ञान भएको तथा अंग्रेजी बोल्न सक्ने |
| २ | रिसेप्शनिस्ट (महिला) | १ (एक) | |

नोट : अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ ।
तलब सुविधा : आकर्षक

सम्पर्क नं. : ९८५४०२६०२५, ९८०११२७४९१
email: anjanisuite@gmail.com


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८